# हाम्रो कपुरकोट

## स्थानीय पाठ्यक्रम

## आधारभुत तह (कक्षा १-८)

## २०७९




कपुरकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
कर्णाली प्रदेश, नेपाल सल्यान

# प्राक्कथन

नेपालको संविधानले अनुसूची ८ मा आधारभूत र माध्यमिक तहको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहलाई प्रत्यायोजन गरेको छ । संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्नु स्थानीय तहको कर्तव्य हो । शैक्षिक विकेन्द्रीकरणको अवधारणा अनुरूप स्थानीय आवश्यकतालाई समेट्नका लागि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय सरोकारवालाहरूलाई संलग्न गराईं शिक्षामा आवश्यक सुधार गर्न, स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन पक्षमा जोड दिन, नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको "राष्ट्रिय पाठ्यक्रम प्रारूप"ले निर्धारण गरेका शैक्षिक क्षेत्रमा देखापर्ने स्थानीय शैक्षिक मुद्दा र चुनौतीलाई सम्बोधन गर्न, स्थानीय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिनका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता रहेको सन्दर्भमा स्थानीय पाठ्यक्रम निर्माण गर्दा स्थानीय आवश्यकताका विषयवस्तुले स्थान पाउने, पाठ्यक्रम विकास स्थानीय तहबाटै हुने, पाठ्यक्रमप्रति स्थानीय जनताको अपनत्व बढ्ने, पाठ्यक्रम विकास र कार्यान्वयनमा पहुच तथा प्रभावकारिता अभिवृद्धि हुने, विद्यालय र समुदायको सम्बन्ध सुदृढ हुने, सरोकारवालाको सक्रिय सहभागिता रहने भएकोले कपुरकोट गाउँपालिकाले यो पाठ्यक्रम तयार गरेको हो ।

केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु, पक्ष, समावेशीकरण, सहभागिता, निर्णय प्रक्रिया, जनअपेक्षा आदिले स्थान पाउने, समसामयिक, सान्दर्भिक, लचिलो, खुला, सन्तुलित, लोकतान्त्रिक र स्थानीय मूल्य मान्यता अनुरूपको पाठ्यक्रम हुने, सबै पक्षको अर्थपूर्ण सहभागिता हुने परम्परागत ज्ञान, सीपसहितको स्थानीय ज्ञानको उजागर गर्ने, स्थानीय ज्ञानको खोजी गर्दै नवीनतम ज्ञान एवम् सीपको विकासमा सहयोग पुऱ्याउनेस्थानीय मूल्य, मान्यताको संरक्षण र संवर्धनमा सहयोग पुऱ्याउनुको साथै तिनको हस्तान्तरणमा समेत यसले योगदान पुऱ्याउने अपेक्षा यस पाठ्यक्रमको रहेको छ । कपुरकोट गाउँपालिकाले स्थानीयस्तरका शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक,पत्रकार,पेशाकर्मी, जनप्रतिनिधिहरू, पाठ्यक्रमविज्ञ लगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा कक्षा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यक्रम तयार गरेको छ । यो पाठ्यक्रम शैक्षिक सत्र २०८० देखि कक्षा १–८ मा लागू गरिने छ । यो पाठ्यक्रम तयार गर्ने क्रममा महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने नीति निर्माता, विज्ञ तथा विशेषज्ञ, शिक्षाविद्, शिक्षक, विद्यार्थी एवम् सम्बन्धित सरोकारवालाहरूप्रति कपुरकोट गाउँपालिका हार्दिक कृतज्ञता व्यक्त गर्दछ । यो पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको अपेक्षा गरिएको छ । विद्यालय शिक्षाको यो पाठ्यक्रम गतिशील दस्तावेज भएकाले यसमा सुधार तथा परिमार्जन गर्दै अझ प्रभावकारी बनाउनका लागि यस गाउँपालिकाले पाठ्यक्रम प्रयोगकर्ता लगायत सम्बन्धित सबैबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छ ।

वि.सं.२०७९ फाल्गुन **कपुरकोट गाउँपालिका**

© सर्वाधिकार प्रकाशकमा निहित

गाउँ कार्यपालिकाको मितिः २०७९/१०/२४ गतेको बैठकबाट स्वीकृत ।

कपुरकोट गाउँपालिकाको १२ औं गाउँसभाबाट अनुमोदित

प्रथम प्रकाशनः  वि.सं. २०७९

परिमार्जनः२०८१

मुद्रण प्रति ३०।

## स्थानीय पाठ्यक्रम निर्माण मुल समन्वय समिति

श्री दुर्गाबहादुर पुन

श्री प्रकाश भरारी

श्री भरत कुमार वली

श्री सरस्वती भण्डारी

श्री बालाराम खड्का

श्री तिला बुढाथोकी रोका

श्री बिमल कामी

श्री श्याम कुमार के सी

श्री प्रेम भण्डारी

श्री हरिलाल पुन

श्री दामोदर शर्मा

श्री भुपाल साहू

श्री रमेशकुमार आचार्य

## पाठ्यक्रम लेखन तथा सम्पादन कार्यदल

| | |
|---|---|
| दामोदर शर्मा | संयोजक |
| भुपाल साहु | सदस्य |
| रिम बहादुर खड्का | सदस्य |
| सरस्वती भण्डारी | सदस्य सचिव |

**लेखन तथा सम्पादनः** दामोदर शर्मा

**भाषा सम्पादनः** भुपाल साहु

**विशेष सहयोगीः** रमेश कुमार आचार्य

**कम्प्युटर डिजाइनः**

**मुद्रकः**

**विषय सूचि**


| क्र. स. | विषयवस्तु | पेज |
| --- | --- | --- |
| १. | परिचय | |
| २. | विषय क्षेत्र | |
| ३. | पाठ्यक्रमको औचित्य | |
| ४. | सक्षमता/तहगत उद्देश्य | |
| ५. | थिमहरू /मुख्य विषयवस्तुहरू | |
| ६. | शिक्षण सिकाइका लागि माध्यम भाषाको छनोट | |
| ७. | विषयवस्तुको क्षेत्र, क्रम , विषय क्षेत्र /थिम अनुसारको अनुमानित कार्यघण्टा | |
| ८. | विषयवस्तुको विस्तृतीकरण तालिका | |
| ९. | सिकाइ सहजीकरण विधि तथा प्रक्रिया | |
| १०. | विद्यार्थी मूल्याङ्कन | |
| ११. | स्थानीय पाठ्यक्रम कार्यान्वयन योजना | |
| १२. | पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन र सुधार | |
| | अनुसूचीहरू | |

# १. परिचय

शिक्षा विकास र समृद्धिको मूल आधार हो । सभ्यताको मार्ग हो । सीप, सिर्जना र उत्पादनमा जोड दिने शिक्षा अहिलेको आवश्यकता हो । संस्कार, संस्कृति एवम् भाइचारा र बन्धुत्वको भावना विकास गराउन हामीलाई संस्कार युक्त शिक्षा चाहिन्छ । शिक्षा विकास एवम् प्रगतिको केवल पूर्वाधारमात्र नभएर मुख्य आधार पनि हो । गुणस्तरीय र स्थानीय स्रोत, साधन एवम् सम्भावनाको पहिचान गराउन सक्ने शिक्षाले समाजलाई उन्नतिशील बनाउछ । सभ्य समाज बनाउन मद्दत गर्छ र समता मूलक समाज निर्माणमा साथ दिन्छ । शिक्षाको गुणस्तरीयताले समाजको प्रगति र उन्नयनमा सकारात्मक भूमिका खेल्ने कुरामा भने दुई मत हुन सक्दैन । गुणस्तरीय र व्यवहारिक शिक्षाले सीप, सिर्जना र रोजगारीको सम्भावनालाई बढाउँछ । सभ्यता र संस्कार सिकाउँछ । आपसी सद्भाव र मेलमिलापको संस्कृति विकास गर्छ । समाज र देशको लागि योगदान दिन सक्छ । सारमा प्रगति र समृद्धिको बाटो पहिल्याउन सघाउँछ । शिक्षाको योजनाबद्ध एवम् प्रणाली गत विकासको लागि सबै सरोकारवालाहरूको सक्रिय सहभागिता आवश्यक रहन्छ । शिक्षा प्रणालीलाई समय सापेक्ष बनाउँदै देशको समुन्नति र प्रगतिको निर्देशक सिद्धान्तको रूपमा स्विकारिएको वर्तमान परिवेशमा शैक्षिक गतिविधिलाई योजनाबद्ध रूपमा सञ्चालन गर्न पाठ्यक्रमको महत्त्वपूर्ण भूमिका रहन्छ । पाठ्यक्रम निर्माण र कार्यान्वयनको विभिन्न मोडेलहरू प्रयोगमा ल्याइएको पाइन्छ । मूलतः शिक्षालाई योजनाबद्ध रूपमा सञ्चालन गर्न पाठ्यक्रमको आवश्यकता पर्दछ । शिक्षाको राष्ट्रिय उद्देश्य, तह गत उद्देश्य, कक्षा गत उद्देश्य तथा विषयगत उद्देश्य पूरा गर्नका लागि पनि पाठ्यक्रमको निर्माण र कार्यान्वयनको आवश्यकता पर्दछ । स्थानीय आवश्यकता, विज्ञता एवम् स्थानीय परिवेशको जगमा स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिने नीति गत व्यवस्था रहेको सन्दर्भमा स्थानीय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन गर्ने प्रचलन पनि बढिरहेको पाइन्छ । संघीय स्तरमा निर्माण गरिने पाठ्यक्रमले स्थानीय आवश्यकता, अवसर र सम्भावनालाई सही ढङ्गले सम्बोधन गर्न कठिन हुने भएकोले पनि स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग वाञ्छनीय हुन्छ भन्ने मान्यता अहिले आएर स्थापित भएको पाइन्छ । स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता, स्थानीयता, समुदायको माग, सिकारुको रुचि/क्षमता एवम् अभिभावकको आवश्यकतालाई सही ढङ्गले सम्बोधन गर्न सक्ने विश्वास रहि आएको देखिन्छ । शिक्षाका विशिष्ट उद्देश्य तथा साधारण उद्देश्यलाई सिकारुसम्म पुऱ्याउने एउटा सहज मार्गको रूपमा पनि पाठ्यक्रमलाई लिने गरेको परिप्रेक्षमा समग्र शिक्षण–सिकाइको योजनाको रूपमा पनि पाठ्यक्रमलाई अर्थ्याउने गरेको देखिन्छ । जहाँसम्म स्थानीय पाठ्यक्रमको विषय छ, यो स्थानीय आवश्यकताको जगमा स्थानीय परिवेशसँग नजिक हुन्छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा निहित गरेसँगै स्थानीय तहमा प्राप्त अधिकारको परिधिमा रहि स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग हुन थालेको सुखद पक्ष पनि छ ।

नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरे अनुरूप साप्ताहिक ३ कार्य घण्टा र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो तर उक्त व्यवस्था पूर्ण रूपमा कार्यान्वयन भएन । यसैको आधारमा आधारभूत शिक्षा (कक्षा ६–८) पाठ्यक्रम,२०६९ मा साप्ताहिक ५ पाठ्य भार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७१ अनुसार आधारभूत तहमा २०प्रतिशत वा १०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गरियो । राष्ट्रिय पाठ्यक्रम पारुप, २०७५ मा भएको प्रावधानअनुसार स्थानीय तहले विद्यालय तहको पाठ्यक्रममा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न पाउने व्यवस्था गरेको छ । उक्त प्रारुपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १–३ सम्म ५ पाठ्य घण्टा अथवा १६० कार्य घण्टा र कक्षा ४-८ का लागि ४ पाठ्य घण्टा अथवा १२८ कार्य घण्टा निर्धारण गरेको छ । नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानो ठिमी भक्तपुरले तयार गरेका स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचा

लगायतको बारेमा स्पष्ट मार्गदर्शन गरेको छ । शैक्षिक विकेन्द्रीकरणको अवधारणा अनुरूप स्थानीय आवश्यकतालाई समेट्न स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय सरोकारवालाहरूलाई संलग्न गराई शिक्षामा आवश्यक सुधार गर्न, स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन पक्षमा जोड दिन, नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको "राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्धारण गरेका शैक्षिक क्षेत्रमा देखा पर्ने स्थानीय शैक्षिक मुद्दा र चुनौतीलाई सम्बोधन गर्न, स्थानीय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिन तथा विश्व बन्धुत्वको मध्यमार्गी र समन्वयकारी अवधारणालाई मूर्त रूप दिनका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता रहेको सन्दर्भमा हाम्रो कपुरकोट नामको यो पाठ्यक्रम तयार गरिएको हो । आधारभूत तहको पाठ्यक्रम अन्तर्गत कक्षा १-३ मा स्थानीय पाठ्यक्रमका लागि ५ पाठ्यघन्टा अर्थात् वार्षिक १६० घण्टा छुट्याइएको छ भने ४- ८ कक्षा मा स्थानीय पाठ्यक्रमका लागि ४ पाठ्यघन्टा अर्थात् वार्षिक १२८ घण्टा छुट्याइएको छ । कक्षा १- ८ मा यो समयावधि मध्ये स्थानीय तहको समन्वयमा विद्यालयले पूरै समय मातृभाषालाई वा केही समय मातृभाषालाई र अन्य समय कुनै अन्य एउटा स्थानीय विषयलाई पनि दिन सक्ने प्रावधान रहेको छ । यस सम्बन्धमा कपुरकोट गाउँपालिकाले आफ्नो स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै सरोकारवालाहरूको छलफलबाट पहिलो चरणमा कक्षा १–८ मा हाम्रो कपुरकोट विषयमा स्थानीय पाठ्यक्रम तयार गरेको छ ।

पाठ्यक्रमको विकास ज्ञान तथा प्रविधिको विकास र विस्तार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भहरू, समसामयिक समाजका आवश्यकता, स्थानीय परिवेश तथा व्यक्तिको आवश्यकता समेतको सापेक्षतामा गरिन्छ । पाठ्यक्रम विकासमा भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक आदि पक्षले समेत प्रभाव पारेको हुन्छ । पाठ्यक्रममा विषय तथा विषयवस्तुको छनोट गर्दा विशेष गरेर अन्तर्राष्ट्रिय रूपमा व्यापकता पाएका विषय र राष्ट्रिय आवश्यकताका विषयलाई मुख्य विषयको रूपमा लिइएको हुन्छ । राष्ट्रिय आवश्यकतालाई सान्दर्भिक रूपमा समावेश गर्न देशभित्रका फरक फरक स्थानका फरक फरक विशिष्टता तथा आवश्यकतालाई सम्बोधन गर्नु पर्दछ । यसका लागि राष्ट्रिय स्तरमा निर्माण हुने पाठ्यक्रम मात्र पर्याप्त हुन नसक्ने भएकाले स्थानीय विषयको रूपमा पाठ्यक्रम ढाँचाभित्र निश्चित स्थान दिइएको हुन्छ ।

स्थानीय पाठ्यक्रमले मूलतः स्थानीय आवश्यकता, स्थानीय सहभागिता, स्थानीय विषयवस्तु र स्थानीय विज्ञतालाई समेटेको हुनु पर्दछ । स्थानीय पाठ्यक्रम भनेको पनि राष्ट्रिय पाठ्यक्रमको एक अंश भएकाले यसको ढाँचा र स्वरूप सामान्यतया राष्ट्रिय पाठ्यक्रमकै रूपमा राख्ने गरिन्छ तथापि स्थानीय ज्ञान सीपको उपयोग गरी फरक फरक ढाँचा हुँदा पनि आपत्ति हुँदैन । जुनसुकै पाठ्यक्रममा पनि पाठ्यक्रमका मुख्य सिद्धान्तलाई अवलम्बन गरिएको हुनु पर्दछ । तसर्थ स्थानीय पाठ्यक्रममा पनि पाठ्यक्रममा रहनु पर्ने उद्देश्य, विषयवस्तु, कक्षा गत सिकाइ उपलब्धि, शिक्षण सिकाइ प्रकिया र मूल्याङ्कनका अंश रहनु पर्दछ । विषय क्षेत्रका रूपमा अलग्गै स्थानीय पाठ्यक्रम रहने व्यवस्था कक्षा १-८ को पाठ्यक्रम संरचना रहेको छ । यही संरचनाअनुसार विद्यालय वा स्थानीय तहले पाठ्यक्रम विकास वा अनुकूलन गरी कार्यान्वयन गर्नु पर्दछ भने अन्य विषय क्षेत्रमा पनि विद्यालय तथा सम्बन्धित शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा स्थानीय विषयवस्तु समावेश वा एकीकरण गर्न सक्छन् । यसमा शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा तथा परियोजना कार्यमा स्थानीय परिवेश र विषयवस्तुबाट क्रियाकलाप सुरु गर्ने, यसलाई पाठ्यक्रमका विषयवस्तुसँग जोड्ने गर्न सक्छन् । त्यसै गरी सिकाइ क्रियाकलापका क्रममा स्थानीय परिवेशका उदाहरण प्रस्तुत गर्ने, सिकाइलाई स्थानीय परिवेशमा प्रयोग गर्ने, स्थानीय विषय वा परिवेशसँग सम्बन्धित गराउने गर्नुपर्छ । पाठ्यक्रमले निर्धारण गरेका सक्षमता तथा सिकाइ उपलब्धि हासिल हुने गरी शिक्षण सिकाइमा स्थानीय विषयवस्तु एकीकरण गर्नाले सिकाइलाई रुचिकर र सान्दर्भिक बनाउन थप सहयोग पनि प्राप्त हुन्छ ।

## २. विषय क्षेत्र

यस पाठ्यक्रमको मूलभूत रूपमा स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई आफ्नो सामाजिक तथा वातावरणीय परिवेशबारे ज्ञान सीप प्रदान गर्ने मुख्य अभिप्राय रहेको छ । पाठ्यक्रमले यस क्षेत्रको प्राकृतिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक तथा आर्थिक पक्षलाई प्रविष्ट गरेको छ र यहाँको प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण ,उपयोग र संवर्धनलाई महत्त्व दिएको छ ।त्यसै गरी जीवनपयोगी सीपहरूको परिमार्जन गर्दै दैनिक व्यवहारमा आउने विषयवस्तुहरू प्रतिको रुचिलाई बढाउन आवश्यक क्रियाकलापहरू समेत यसमा समाविष्ट गरिएको छ ।

## ३. पाठ्यक्रमको औचित्य

मानव सभ्यता र विकासका लागि स्थानीय तहबाट नै जागरूकता आउनु पर्दछ । संसारमा सबै प्रकारका विकास र सुधारका कार्यहरू मानवबाट नै सम्भव भएका छन् । मानिसले सर्वप्रथम आफ्नो गाउँ, समुदायको पहिचान गर्नु पर्दछ । त्यहाँ भएका प्राकृतिक सम्पदाहरू, सांस्कृतिक एवम् ऐतिहासिक सम्पदाहरू र आर्थिक क्रियाकलापहरूबारे जानकार हुनु पर्दछ । आफू र आफ्नो क्षेत्रबाट सुधारको पहल गरेर मात्र अन्य क्षेत्रमा पुग्न सकिन्छ ।

यस पाठ्यक्रमले कपुरकोट क्षेत्रको विशिष्ट पहिचान दिन्छ । आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँ, समाज र जिल्लाको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्त्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तिहरूका बारेमा समेत पहिचान गर्नेछन् । स्थानीय क्षेत्रमा प्रचलित पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्नेछन् । यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्दछ । यसबाट बालबालिकाहरूले सामाजिक मूल्य मान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुशरण गर्नेछन् । यो पाठ्यक्रमको कार्यान्वियनले भावी सामाजिक तथा वातावरणीय विकासका धरोहर आजका बालबालिकाहरूलाई स्थानीय परिवेशको सर्वाङ्गीण पक्षको पहिचान गराई सोको संरक्षण तथा सुधारमा सहयोग र सक्रिय सहभागिता बढाउनका साथै स्वावलम्बनको धारणा समेत प्रदान गर्नेछ । भविष्यमा स्थानीय क्षेत्रको विकासका निम्ति नयाँ सम्भावनाहरू पहिल्याउने अवसर दिनेछ । सामाजिक सहिष्णुता र मेलमिलापको वातावरण विकास गरी दिगो विकासका लागि सामाजिक ऐक्यबद्धताको सन्देश प्रवाह गर्दै पेसा व्यवसायको लागि स्थानीयताको छनौटलाई प्रश्रय दिनेछ ।

## ४. सक्षमता

आधारभूत तह (कक्षा १–८) यस तहको अन्त्यमा विद्यार्थीहरूमा निम्नलिखित सक्षमता प्राप्त हुने छन्ः

- कपुरकोटको वातावरण, भौगोलिक परिवेश तथा सामाजिक मूल्य मान्यताका आधारभूत पक्षहरूलाई पहिचान गर्न,
- असल परम्परा एवम् कपुरकोट क्षेत्रका राम्रा अभ्यासहरूलाई आत्मसात् गर्दै विविधताको सम्मान गर्न,
- कपुरकोट क्षेत्रभित्रका पेसा, व्यवसाय एवम् जीविकोपार्जनका क्षेत्रहरू पहिचान गरि उपयुक्त पेसामा सहभागी हुन ।
- कपुरकोटका सम्पदाहरूसँग परिचित भई संरक्षण र संवर्धनमा क्रियाशिल रहन,

- ❖ कपुरकोटको जल,जमिन,खनिज,जडीबुटी,वन्यजन्तु तथा पशुपक्षी सम्बन्धमा परिचित हुदै संरक्षण र संवर्धनमा सहभागी बन्न ।
- ❖ कपुरकोटको ऐतिहासिक, पर्यटकीय तथा पुरात्वात्विक सम्पदाको संरक्षण, संवर्धन विकासमा क्रियाशिल हुन,
- ❖ जात जाति र भाषा भाषि बीच पारस्परिक सम्बन्ध विकास गर्न र स्थानीय चाडपर्व मेला पर्वहरूसँग परिचित हुन,
- ❖ स्थानीय संरचनासँग परिचित हुन एवम् स्थानीय सरकारको काम कर्तव्य तथा अधिकारको बारेमा उत्सुकता देखाउन तथा जानकारी राख्न
- ❖ कपुरकोट गाउँपालिकाको परिचय, सिमाना, क्षेत्रफल, ऐतिहासिक पृष्ठभूमि, भौगोलिक अवस्थिति बताउन र गाउँपालिकाको नक्सा पहिचान गर्न ।
- ❖ कपुरकोट गाउँपालिका वा स्थानीय स्तरमा गरिने खेतीपाती र पशुपालनतर्फ सम्मान,रुचि तथा सहभागी भै व्यावसायिकता तथा आधुनिकता तर्फ उन्मुख हुन ।
- ❖ दैनिक जीवनमा संस्कार युक्त व्यवहारको सञ्चार र प्रतिक्रिया तथा संस्कार युक्त व्यवहार प्रति सम्मान गर्न।
- ❖ समालोचनात्मक सीप र आत्मविश्वासका साथ दोहोरो सञ्चार गर्न ।
- ❖ संघीय संरचना अनुसारका स्थानीय सरकारका सेवा प्रदायक इकाइहरू प्रति सचेतता सहित प्रयोग र कामको जानकारी दिन।
- ❖ कपुरकोट गाउँपालिका अन्तर्गतका मेला ,जात्रा ,पर्व,धार्मिक स्थलहरूको सम्बन्धमा लिखित तथा मौखिक अभिव्यक्ति दिन एवम संरक्षण र संवर्धन प्रति सचेत हुन।
- ❖ विद्यालय स्तरका कार्यक्रममा उद्घोषण गर्न र नेतृत्व लिन उत्सुकता देखाउन ।
- ❖ व्यवहारिक लेखनको जानकारी र अत्यावश्यक लेखन प्रति सचेतता देखाउन ।
- ❖ कपुरकोट गाउँपालिका तथा स्थानीय सक्षमता तर्फ सचेतता देखाउन ।
- ❖ दैनिक जीवनमा अत्यावश्यक सीपहरू प्रति उत्सुकता देखाउन तथा सामान्य सीपहरू सिक्न ।
- ❖ आधुनिक प्रविधि तर्फ उत्सुकता देखाउन ।

## ५. थिमहरू/मुख्य विषयवस्तुहरू

थीम १ स्थानीय संस्कृति

थीम २ स्थानीय व्यवसाय

थीम ३ हाम्रो भूगोल

थीम ४ हाम्रो गाउँपालिका

थीम ५ हाम्रो संस्कार

थीम ६ व्यवहारिक लेखन

## ६. शिक्षाको माध्यम

स्थानीय विषयको शिक्षाको माध्यम नेपाली भाषा वा मातृभाषा हुन सक्नेछ ।पाठ्यक्रम सम्बद्ध सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा सूचना, सञ्चार तथा प्रविधिको प्रयोगलाई प्राथमिकता दिई सक्दो उपयोग गरिने छ ।

## ७. विषय क्षेत्र/ थिम अनुसारको अनुमानित कार्य घण्टाको समष्टिगत तालिका

कपुरकोट गाउँपालिकाको लागि निर्माण गरिएको स्थानीय पाठ्यक्रम २०७९ का लागि विभिन्न क्षेत्रको पाठ्यघन्टा र कार्य घण्टा निम्नानुसार रहेको छ ।

### कक्षा १

| क्र.सं., | विषय क्षेत्र / थिम | विषयवस्तु, | कार्यघण्टा, |
|---|---|---|---|
| १ | स्थानीय संस्कृति | आफ्नो गाउँ टोलमा लाग्ने मेलाहरू,पर्वहरू<br>आफ्नो गाउँ टोलमा गाइने गीतहरू<br>आफ्नो गाउँ टोलका परम्परागत पोसाकहरू<br>आफ्नो गाउँ टोलमा नाचिने नाचहरू | ३५ |
| २ | स्थानीय व्यवसाय | आफ्नो परिवारले गर्ने व्यवसाय<br>वेमौसमी तरकारी<br>स्थानीय स्तरमा हुने अन्नबाली नगदेबाली र तरकारी बाली र पालिने पशुपक्षी | ३० |
| ३ | हाम्रो भूगोल | आफ्नो वडाका खोला पहाड खोल्सा वन जङ्गल<br>पर्यटकीय तथा ऐतिहासिक स्थलहरूधार्मिक स्थलहरू<br>नक्सामा आफ्नो वडा | २० |
| ४ | हाम्रो पालिका | टोल, गाउँ , वडा<br>वडा स्थित सेवा प्रदायक कार्यालय कपुरकोट गाउँपालिका | ३० |
| ५ | हाम्रो संस्कार | पारिवारिक संस्कार तथा विशिष्ट्ता<br>अभिवादन<br>पारिवारिक परम्परा<br>शिष्ट व्यवहार शिष्ट आचरण | ३० |
| ६ | व्यवहारिक लेखन | निवेदन<br>शुभकामना | १५ |
| | | जम्मा कार्य घण्टा | १६० |

## कक्षा २

| क्र.सं., | विषय क्षेत्र / थिम | विषयवस्तु, | कार्यघण्टा, |
|---|---|---|---|
| १ | स्थानीय संस्कृति | आफ्नो गाउँ टोलमा लाग्ने मेलाहरू,पर्वहरू<br>आफ्नो गाउँ टोलमा गाइने गीतहरू<br>आफ्नो गाउँ टोलका परम्परागत पोसाकहरू<br>आफ्नो गाउँ टोलमा नाचिने नाचहरू | ३५ |
| २ | स्थानीय व्यवसाय | आफ्नो परिवारले गर्ने व्यवसाय<br>वेमौसमी तरकारी<br>स्थानीय स्तरमा हुने अन्न बाली, नगदे बाली र तरकारी बाली<br>पालिने पशुपक्षी | ३० |
| ३ | हाम्रो भूगोल | आफ्नो वडाका खोला, पहाड, खोल्सा , वन जङ्गल,जडीबुटी<br>पर्यटकीय तथा ऐतिहासिक स्थलहरू,धार्मिक स्थलहरू<br>नक्सामा आफ्नो वडा | २५ |
| ४ | हाम्रो पालिका | टोल, गाउँ , वडा<br>वडा स्थित सेवा प्रदायक कार्यालय ,कपुरकोट गाउँपालिका<br>पालिका पदाधिकारी<br>आफ्नो गाउँ टोलको विशेषता | २० |
| ५ | हाम्रो संस्कार | पारिवारिक संस्कार<br>अभिवादन<br>पारिवारिक परम्परा<br>शिष्ट व्यवहार शिष्ट आचरण | ३५ |
| ६ | व्यवहारिक लेखन | निवेदन<br>शुभकामना<br>भरपाई | १५ |
| | | जम्मा कार्य घण्टा | १६० |

## कक्षा ३

| क्र.सं., | विषय क्षेत्र / थिम | विषयवस्तु, | कार्य घण्टा |
|---|---|---|---|
| १ | स्थानीय संस्कृति | आफ्नो गाउँ टोलमा लाग्ने मेलाहरू,पर्वहरू<br>आफ्नो गाउँ टोलमा गाइने गीतहरू<br>आफ्नो गाउँ टोलका परम्परागत पोसाकहरू, गरगहनाहरू<br>आफ्नो गाउँ टोलमा नाचिने नाचहरू,बाजाहरू | ३० |
| २ | स्थानीय व्यवसाय | आफ्नो परिवारले गर्ने व्यवसाय<br>बेमौसमी तरकारी स्थानीय स्तरमा हुने अन्न बाली नगदे बाली र तरकारी बाली,पालिने पशुपक्षी | २५ |
| ३ | हाम्रो भूगोल | आफ्नो वडाका खोला ,पहाड ,खोल्सा , वन जङ्गल,खनिज,जडीबुटी<br>पर्यटकीय तथा ऐतिहासिक स्थलहरू,धार्मिक स्थलहरू<br>नक्सामा आफ्नो वडा तथा पालिका | २५ |
| ४ | हाम्रो पालिका | टोल ,गाउँ , वडा,पालिका<br>वडा स्थित सेवा प्रदायक कार्यालय<br>कपुरकोट गाउँपालिका<br>कपुरकोट गाउँपालिकाको विशिष्टता | २५ |
| ५ | हाम्रो संस्कार | पारिवारिक संस्कार ,विवाह,पूजाआजा ,कुलपूजा अभिवादन<br>पारिवारिक परम्परा<br>शिष्ट व्यवहार शिष्ट आचरण | ३० |
| ६ | व्यवहारिक लेखन | निवेदन<br>शुभकामना | २५ |
| | | जम्मा कार्य घण्टा | १६० |

## कक्षा ४

| क्र.सं., | विषय क्षेत्र / थिम | विषयवस्तु, | कार्य घण्टा |
|---|---|---|---|
| १ | स्थानीय संस्कृति | कपुरकोट गाउँपालिकामा लाग्ने मेलाहरू,पर्वहरू<br>कपुरकोट गाउँपालिकामा मनाउने जात्राहरू<br>कपुरकोट गाउँपालिकामा गाइने गीतहरू<br>कपुरकोट गाउँपालिकामा नाचिने नाचहरू<br>कपुरकोट गाउँपालिकाका परम्परागत पोसाकहरू<br>कपुरकोट गाउँपालिकाका बाजागाजाहरू<br>कपुरकोट गाउँपालिकाका परम्परागत गरगहनाहरू | २३ |
| २ | स्थानीय व्यवसाय | पारिवारिक व्यवसाय<br>कपुरकोटको वेमौसमी तरकारी<br>कपुरकोट गाउँपालिकामा उत्पादन गरिने अन्न बाली<br>कपुरकोट गाउँपालिकामा पालिने पशुपक्षी<br>कपुरकोट गाउँपालिकामा उत्पादित नगदे बाली<br>उत्पादन गरिएका वस्तु बिक्री स्थल<br>बाँसबाट उत्पादन गरिएका सामग्री | २५ |
| ३ | हाम्रो भूगोल | कपुरकोट गाउँपालिकाका मुख्य खोला तथा खोल्साहरू<br>कपुरकोट गाउँपालिकाको राष्ट्रिय तथा सामुदायिक वन,जडीबुटी,वन्यजन्तु र वन्य पक्षी<br>कपुरकोट गाउँपालिकाको सेरोफेरोमा पाइने खनिज<br>हाम्रा पर्यटकीय  तथा ऐतिहासिक स्थलहरू,धार्मिक स्थलहरू<br>कपुरकोट गाउँपालिकाका मुख्य सडकहरू | १५ |
| ४ | हाम्रो पालिका | सल्यान जिल्लाका स्थानीय तहहरू<br>कपुरकोट गाउँपालिकाको परिचय<br>वडा अध्यक्षका कार्यहरू<br>वडा भित्रका सरकारी कार्यालय र तिनिहरूले दिने सेवाहरू<br>हाम्रो पालिकाको प्रसिद्धि<br>हाम्रो हावापानी<br>हाम्रो पालिकाको जनशक्ति | २० |
| ५ | हाम्रो संस्कार | विवाह व्रतबन्धमा गरिने विभिन्न संस्कार<br>विभिन्न पारिवारिक संस्कारहरू<br>अर्मपर्म ,श्रमदान<br>घरायसी कामकाजमा सहयोग<br>जेष्ठ नागरिक<br>सकारात्मक सोच<br>निर्णय सीपको विकास<br>उद्घोषण , नैतिक आचरण | २५ |
| ६ | व्यवहारिक लेखन | निवेदन,भरपाई, तमसुक, निर्णय लेखन, बैठक पुस्तिका<br>कार्यालयका लागि निवेदन | २० |
| | | जम्मा कार्य घण्टा | १२८ |

## कक्षा ५

| क्र.सं., | विषय क्षेत्र / थिम | विषयवस्तु, | कार्य घण्टा |
|---|---|---|---|
| १ | स्थानीय संस्कृति | कपुरकोट गाउँपालिकामा लाग्ने मेलाहरू,पर्वहरू<br>कपुरकोट गाउँपालिकामा मनाउने जात्राहरू<br>कपुरकोट गाउँपालिकामा गाइने गीतहरू<br>कपुरकोट गाउँपालिकामा नाचिने नाचहरू<br>कपुरकोट गाउँपालिकाका परम्परागत पोसाकहरू<br>कपुरकोट गाउँपालिकाका बाजागाजाहरू<br>कपुरकोट गाउँपालिकाका परम्परागत गरगहनाहरू | २३ |
| २ | स्थानीय व्यवसाय | पारिवारिक व्यवसाय<br>कपुरकोटको वेमौसमी तरकारी<br>कपुरकोट गाउँपालिकामा उत्पादन गरिने अन्न बाली<br>कपुरकोट गाउँपालिकामा पालिने पशुपक्षी<br>कपुरकोट गाउँपालिकामा उत्पादित नगदे बाली<br>उत्पादन गरिएका वस्तु बिक्री स्थल<br>बाँस बाट उत्पादन गरिएका सामग्रीहरू | २५ |
| ३ | हाम्रो भूगोल | कपुरकोट गाउँपालिकाका मुख्य खोला तथा खोल्साहरू<br>कपुरकोट गाउँपालिकाको राष्ट्रिय तथा सामुदायिक वन,जडीबुटी,वन्यजन्तु ,वन्य पक्षी<br>कपुरकोट गाउँपालिकाको सेरोफेरोमा पाइने खनिज<br>हाम्रा पर्यटकीय तथा ऐतिहासिक स्थलहरू<br>कपुरकोट गाउँपालिकामा रहेका धार्मिक स्थलहरू<br>कपुरकोट गाउँपालिकाका मुख्य मुख्य सडकहरू | 15 |
| ४ | हाम्रो पालिका | सल्यान जिल्लाका स्थानीय तहहरू<br>कपुरकोट गाउँपालिकाको परिचय<br>वडा अध्यक्षका कार्यहरू<br>वडा भित्रका सरकारी कार्यालय र तिनिहरूले दिने सेवा<br>हाम्रो पालिकाको प्रसिद्धि<br>हाम्रो हावापानी<br>हाम्रो पालिकाको जनशक्ति | २० |
| ५ | हाम्रो संस्कार | विवाह व्रतबन्धमा गरिने विभिन्न संस्कार<br>अर्मपर्म ,श्रमदान<br>घरायसी कामकाजमा सहयोग<br>पारिवारिक संस्कार<br>जेष्ठ नागरिक<br>सकारात्मक सोच<br>निर्णय सीपको विकास<br>उद्घोषण ,नैतिक आचरण | २५ |
| ६ | व्यवहारिक लेखन | निवेदन, भरपाई, तमसुक ,निर्णय लेखन ,बैठक पुस्तिका<br>कार्यालयका लागि निवेदन | २० |
| | | जम्मा कार्य घण्टा | १२८ |

## कक्षा ६

| क्र.सं., | विषय क्षेत्र / थिम | विषयवस्तु, | कार्य घण्टा |
| --- | --- | --- | --- |
| १ | स्थानीय संस्कृति | कपुरकोट गाउँपालिकामा लाग्ने मेलाहरू<br>कपुरकोट गाउँपालिकामा मनाउने पर्व तथा जात्राहरू<br>कपुरकोट गाउँपालिकामा गाइने गीतहरू<br>कपुरकोट गाउँपालिकामा नाचिने नाचहरू<br>कपुरकोट गाउँपालिकाका परम्परागत पोसाकहरू,गरगहनाहरू<br>कपुरकोट गाउँपालिकाका बाजागाजाहरू | २० |
| २ | स्थानीय व्यवसाय | पारिवारिक व्यवसाय<br>कपुरकोटको वेमौसमी तरकारी<br>कपुरकोट गाउँपालिकामा उत्पादन गरिने अन्न बाली र नगदे बाली<br>कपुरकोट गाउँपालिकामा पालिने पशुपक्षी<br>उत्पादन गरिएका वस्तु बिक्री स्थल हाटबजार<br>बाँसबाट उत्पादन गरिएका सामग्री महत्त्व र आवश्यक सामग्री | २८ |
| ३ | हाम्रो भूगोल | कपुरकोट गाउँपालिकाका मुख्य खोला तथा खोल्साहरू,मूलहरू,खानेपानीको स्रोतहरू ।<br>कपुरकोट गाउँपालिकाको राष्ट्रिय तथा सामुदायिक वन ,वन्य जन्तु तथा पक्षीहरू<br>कपुरकोट गाउँपालिकाको सेरोफेरोमा पाइने खनिज<br>हाम्रा पर्यटकीय  तथा ऐतिहासिक स्थलहरू<br>कपुरकोट गाउँपालिकामा रहेका धार्मिक स्थलहरू<br>कपुरकोट गाउँपालिकाका मुख्य मुख्य सडकहरू | २० |
| ४ | हाम्रो पालिका | सल्यान जिल्लाका स्थानीय तहहरू<br>कपुरकोट गाउँपालिकाको परिचय<br>वडा अध्यक्षका कार्यहरू<br>वडा भित्रका सरकारी कार्यालय र तिनिहरूले दिने सेवा<br>हाम्रो पालिकाको प्रसिद्धि<br>हाम्रो हावापानी<br>हाम्रो पालिकाको जनशक्ति | २० |
| ५ | हाम्रो संस्कार | विवाह व्रतबन्धमा गरिने विभिन्न संस्कार<br>अर्मपर्म ,श्रमदान वा श्रम सेवा, घरायसी कामकाजमा सहयोग<br>पारिवारिक संस्कार<br>जेष्ठ नागरिक सेवा तथा सम्मान<br>अभिवादन,सकारात्मक सोच,निर्णय सीपको विकास<br>उद्घोषण सीप र यसका आधारभूत तत्त्वहरू<br>नैतिक आचरण | २० |
| ६ | व्यवहारिक लेखन | निवेदन,भरपाई, तमसुक, निर्णय लेखन ,बैठक पुस्तिका लगायत अन्य व्यवहारिक लेखन।<br>कार्यालयका लागि निवेदन<br>अन्य व्यवहारिक निवेदन | २० |
|  |  | जम्मा कार्य घण्टा | १२८ |

## कक्षा ७

| क्र.सं., | विषय क्षेत्र / थिम | विषयवस्तु, | कार्य घण्टा |
|---|---|---|---|
| १ | स्थानीय संस्कृति | कपुरकोट गाउँपालिकामा लाग्ने मेलाहरू<br>कपुरकोट गाउँपालिकामा मनाउने पर्व तथा जात्राहरू<br>कपुरकोट गाउँपालिकामा गाइने गीतहरू<br>कपुरकोट गाउँपालिकामा नाचिने नाचहरू<br>कपुरकोट गाउँपालिकाका परम्परागत पोसाकहरू,गरगहनाहरू<br>कपुरकोट गाउँपालिकाका बाजागाजाहरू | २० |
| २ | स्थानीय व्यवसाय | पारिवारिक व्यवसाय<br>कपुरकोटको वेमौसमी तरकारी<br>कपुरकोट गाउँपालिकामा उत्पादन गरिने अन्न बाली र नगदे बाली<br>कपुरकोट गाउँपालिकामा पालिने पशुपक्षी<br>उत्पादन गरिएका वस्तु बिक्री स्थल हाटबजार<br>बाँसबाट उत्पादन गरिएका सामग्री महत्त्व र आवश्यक सामग्री | २८ |
| ३ | हाम्रो भूगोल | कपुरकोट गाउँपालिकाका मुख्य खोला तथा खोल्साहरू,मूलहरू,खानेपानीको स्रोतहरू ।<br>कपुरकोट गाउँपालिकाको राष्ट्रिय तथा सामुदायिक वन ,वन्य जन्तु तथा पक्षीहरू<br>कपुरकोट गाउँपालिकाको सेरोफेरोमा पाइने खनिज<br>हाम्रा पर्यटकीय  तथा ऐतिहासिक स्थलहरू<br>कपुरकोट गाउँपालिकामा रहेका धार्मिक स्थलहरू<br>कपुरकोट गाउँपालिकाका मुख्य मुख्य सडकहरू | २० |
| ४ | हाम्रो पालिका | सल्यान जिल्लाका स्थानीय तहहरू<br>कपुरकोट गाउँपालिकाको परिचय<br>वडा अध्यक्षका कार्यहरू<br>वडा भित्रका सरकारी कार्यालय र तिनिहरूले दिने सेवा<br>हाम्रो पालिकाको प्रसिद्धि<br>हाम्रो हावापानी<br>हाम्रो पालिकाको जनशक्ति | २० |
| ५ | हाम्रो संस्कार | विवाह व्रतबन्धमा गरिने विभिन्न संस्कार<br>अर्मपर्म ,श्रमदान वा श्रम सेवा ,घरायसी कामकाजमा सहयोग<br>पारिवारिक संस्कार, जेष्ठ नागरिक सेवा तथा सम्मान<br>अभिवादन,सकारात्मक सोच,निर्णय सीपको विकास<br>उद्घोषण सीप र यसका आधारभूत तत्त्वहरू<br>नैतिक आचरण | २० |
| ६ | व्यवहारिक लेखन | निवेदन,भरपाई, तमसुक, निर्णय लेखन ,बैठक पुस्तिका लगायत अन्य व्यवहारिक लेखन।<br>कार्यालयका लागि निवेदन,अन्य व्यवहारिक निवेदन | २० |
|  |  | जम्मा कार्य घण्टा | १२८ |

## कक्षा ८

| क्र.सं., | विषय क्षेत्र / थिम | विषयवस्तु, | कार्य घण्टा |
|---|---|---|---|
| १ | स्थानीय संस्कृति | कपुरकोट गाउँपालिकामा लाग्ने मेलाहरू<br>कपुरकोट गाउँपालिकामा मनाउने पर्व तथा जात्राहरू<br>कपुरकोट गाउँपालिकामा गाइने गीतहरू<br>कपुरकोट गाउँपालिकामा नाचिने नाचहरू<br>कपुरकोट गाउँपालिकाका परम्परागत पोसाकहरू,गरगहनाहरू<br>कपुरकोट गाउँपालिकाका बाजागाजाहरू | २० |
| २ | स्थानीय व्यवसाय | पारिवारिक व्यवसाय<br>कपुरकोटको वेमौसमी तरकारी<br>कपुरकोट गाउँपालिकामा उत्पादन गरिने अन्न बाली र नगदे बाली<br>कपुरकोट गाउँपालिकामा पालिने पशुपक्षी<br>उत्पादन गरिएका वस्तु बिक्री स्थल हाटबजार<br>बाँसबाट उत्पादन गरिएका सामग्री महत्त्व र आवश्यक सामग्री | २३ |
| ३ | हाम्रो भूगोल | कपुरकोट गाउँपालिकाका मुख्य खोला तथा खोल्साहरू,मूलहरू,खानेपानीको स्रोतहरू ।<br>कपुरकोट गाउँपालिकाको राष्ट्रिय तथा सामुदायिक वन ,वन्य जन्तु तथा पक्षीहरू<br>कपुरकोट गाउँपालिकाको सेरोफेरोमा पाइने खनिज<br>हाम्रा पर्यटकीय तथा ऐतिहासिक स्थलहरू<br>कपुरकोट गाउँपालिकामा रहेका धार्मिक स्थलहरू<br>कपुरकोट गाउँपालिकाका मुख्य मुख्य सडकहरू | २० |
| ४ | हाम्रो पालिका | सल्यान जिल्लाका स्थानीय तहहरू<br>कपुरकोट गाउँपालिकाको परिचय<br>वडा अध्यक्षका कार्यहरू<br>वडा भित्रका सरकारी कार्यालय र तिनिहरूले दिने सेवा<br>हाम्रो पालिकाको प्रसिद्धि,हाम्रो हावापानी<br>हाम्रो पालिकाको जनशक्ति | २० |
| ५ | हाम्रो संस्कार | विवाह व्रतबन्धमा गरिने विभिन्न संस्कार<br>अर्मपर्म ,श्रमदान वा श्रम सेवा<br>घरायसी कामकाजमा सहयोग<br>पारिवारिक संस्कार,जेष्ठ नागरिक सेवा तथा सम्मान<br>अभिवादन,सकारात्मक सोच<br>निर्णय सीपको विकास<br>उद्घोषण सीप र यसका आधारभूत तत्त्वहरू<br>नैतिक आचरण | 20 |
| ६ | व्यवहारिक लेखन | निवेदन,भरपाई, तमसुक, निर्णय लेखन ,बैठक पुस्तिका लगायत अन्य व्यवहारिक लेखन।<br>कार्यालयका लागि निवेदन<br>अन्य व्यवहारिक निवेदन | २५ |
| | | जम्मा कार्य घण्टा | १२८ |

## ८. विषयवस्तुको विस्तृतीकरण

### कक्षाः१

### १.(क) थिमः स्थानीय संस्कृति

### (ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः

१. आफ्नो गाउँ टोलमा लाग्ने मेलाहरू र मनाइने पर्वको नाम भन्न ।
२. आफ्नो गाउँ टोलमा गाइने गीतहरू प्रति रुचि देखाउन ।
३. आफ्नो गाउँ टोलमा लगाइने परम्परागत पोसाकहरूको नाममा रुचि देखाउन ।
४. आफ्नो गाउँ टोलमा नाचिने नाचहरू प्रति रुचि देखाउन ।

### (ग) विषयवस्तु

- आफ्नो गाउँ टोलमा लाग्ने मेलाहरू,पर्वहरू
- आफ्नो गाउँ टोलमा गाइने गीतहरू
- आफ्नो गाउँ टोलका परम्परागत पोसाकहरू
- आफ्नो गाउँ टोलमा नाचिने नाचहरू

### (घ) शिक्षण सिकाइ क्रियाकलाप

- श्रव्य दृष्य सामग्रीको अधिकतम प्रयोग गर्दै सहभागिता मूलक सिकाइ गर्ने ।
- स्थानीय स्तरका स्रोत शिक्षकको अधिकतम प्रयोग गरी सिकाइ गर्ने ।
- प्रर्दशन विधि ,अभिनय विधि,अवलोकन विधि प्रश्नोत्तर विधिको प्रयोग गर्ने ।

### (ङ) मूल्याङ्कनः अवलोकन, चेकलिष्ट, प्रश्नोत्तर

### (च) कार्यघण्टाः३५

### २.(क) थिमः स्थानीय व्यवसाय

### (ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः

१. आफ्ना अभिभावकले गर्ने व्यवसाय र पेसा प्रति रुचि देखाउन ।
२. आफ्नो गाउँ टोलमा लगाइने कम्तीमा ५ वटा तरकारीको नाम भन्न ।
३. आफ्नो गाउँ टोलमा उत्पादन गरिने कम्तीमा ५ वटा अन्न बाली नाम भन्न ।
४. आफ्नो गाउँ टोलमा पालिने पशुपक्षीको नाम भन्न ।
५. आफू र आफ्नो परिवार प्रति तथा पेसा प्रति सम्मान देखाउन

### (ग) विषयवस्तुः

- आफ्नो परिवारले गर्ने व्यवसाय ।
- वेमौसमी तरकारी ।
- स्थानीय स्तरमा हुने अन्न बाली नगदे बाली र तरकारी बाली ।
- पालिने पशुपक्षी ।

**(घ) शिक्षण सिकाइ क्रियाकलापः**

- छलफल विधि ,प्रदर्शन विधि,परियोजना विधिको प्रयोग गर्ने ।
- विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोध खोज विधि,क्षेत्र भ्रमण विधि र प्रश्नोत्तर विधिको प्रयोग गरी सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने।

**(ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन,निरन्तर मूल्याङ्कन**

**(च) कार्यघण्टाः३०**

**३.(क) थिमः हाम्रो भूगोल**

**(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः**

१. आफ्नो गाउँ टोलका खोला खोल्साहरूको नाम भन्न ।
२. आफ्नो गाउँ टोलका पर्यटकीय,धार्मिक तथा ऐतिहासिक स्थलहरू नाम भन्न ।
३. कपुरकोट गाउँपालिकाको नक्सामा आफ्नो वडा चिन्न ।

**(ग) विषयवस्तुः**

- आफ्नो वडाका खोला पहाड खोल्सा वन जङ्गल
- पर्यटकीय तथा ऐतिहासिक स्थलहरू धार्मिक स्थलहरू
- नक्सामा आफ्नो वडा

**(घ) शिक्षण सिकाइ क्रियाकलापः**

- छलफल विधि ,प्रदर्शन विधि,परियोजना विधिको प्रयोग गर्ने ।
- विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोध खोज विधि,क्षेत्र भ्रमण विधि, प्रश्नोत्तर विधिको प्रयोग साथै सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने ।
- पालिकाको नक्सामा आफ्नो वडाको पहिचान गर्न सहजीकरण गर्ने ।

**(ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन**

**(च) कार्यघण्टाः२०**

**४.(क) थिमः हाम्रो पालिका**

**(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः**

१. आफू बस्ने टोलको नाम,गाउँको नाम र वडा नं भन्न ।
२. आफ्नो टोलमा रहेको सेवा प्रदायक संस्थाको नाम बताउन ।
३. आफ्नो पालिकाको सामान्य परिचय प्रति रुचि देखाउन ।
४. विशिष्टता प्रति उत्सुकता देखाउन ।

## (ग) विषयवस्तु

- ❖ आफ्नो टोल, गाउँ,  वडा
- ❖ वडा स्थित सेवा प्रदायक कार्यालय
- ❖ कपुरकोट गाउँपालिका

## (घ) शिक्षण सिकाइ क्रियाकलापः

- छलफल विधि ,प्रदर्शन विधि,परियोजना विधिको प्रयोग गर्ने ।
- विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोधखोज विधि,क्षेत्र भ्रमण विधि, प्रश्नोत्तर विधिको प्रयोग साथै सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने ।(जस्तोः वडाको बारेमा जानकारी प्रदान गर्न वडा कार्यालयमै लगेर छलफल गराउने तथा सेवा प्रदायक संस्थाको बारेमा जानकारी दिन सम्बन्धित संस्थामै क्षेत्र भ्रमण गराइ जानकारी दिने ।)

## (ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

## (च) कार्यघण्टाः३०

## ५.(क)  थिमः हाम्रो संस्कार

## (ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः

१. आफ्नो परिवारको संस्कार अनुसार परिवारको सदस्य र अपरिचितलाई अभिवादन गर्न ।
२. पारिवारिक परम्परा प्रति रुचि देखाउन ।
३. उपयुक्त व्यवहारिक संस्कार प्रति उत्सुकता देखाउन ।
४. शिष्ट आचरण प्रति उत्सुकता देखाउन ।
५. आफ्ना सामान्य दैनिक कार्यहरू गर्न ।
६. आत्मालोचनाका सामान्य अभ्यासहरू गर्न।

## (ग) विषयवस्तुः

- ❖ पारिवारिक संस्कार
- ❖ अभिवादन
- ❖ पारिवारिक परम्परा
- ❖ शिष्ट व्यवहार
- ❖ शिष्ट आचरण
- ❖ आत्मालोचना
- ❖ व्यक्तिगत कामहरू

## (घ) शिक्षण सिकाइ क्रियाकलापः

- परिवारका सदस्यहरूलाई आफ्नो संस्कार अनुसारको दैनिक अभिवादन र सम्बोधन गर्न प्रेरित गर्ने ।
- अभिनय विधि ,खेल विधिको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने ।
- आदरार्थी शब्दको प्रयोगमा व्यापकता ल्याउन सहजीकरण गर्ने ।
- मान्यजन, अतिथि, अपरिचित व्यक्तिलाई अभिवादन,शिष्ट सम्बोधन र शिष्ट व्यवहार गर्न उत्प्रेरित गर्ने।
- बानीको विकास गर्ने विभिन्न सहजीकरण विधिको प्रयोग गरी सहजीकरण गर्ने ।

- अतिथिसँग शिष्ट व्यवहार गर्न ,अपरिचित व्यक्तिहरूलाई सहयोग गर्न र सभ्य आचरण गर्ने बानीको विकास गर्ने । स्थानीय स्तरमा प्रयोग हुने लोककथा ,गाउँखानेकथा सुन्ने र सुनाउने उपयुक्त वातावरणको निर्माणमा जोड दिने ।
- अभिनय विधि ,खेल विधिको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने ।
- आदरार्थी शब्दको प्रयोगमा व्यापकता ल्याउन सहजीकरण गर्ने ।
- मान्यजन, अतिथि, अपरिचित व्यक्तिलाई अभिवादन,शिष्ट सम्बोधन र शिष्ट व्यवहार गर्न उत्प्रेरित गर्ने।
- गल्ती स्वीकार गर्ने बानीको विकास गर्न व्यवहारिक तथा विभिन्न मनोवैज्ञानिक विधिहरूको अवलम्बन गर्ने । आत्मालोचना गर्न उत्सुक बनाउन विद्यार्थीलाई प्रत्येक दिन आफूले गरेका राम्रा काम र आफूलाई नराम्रो लागेको आफैले गरेको काम बताउन लगाइ वा यस्तै अन्य उपागमको प्रयोग गरी बानीको विकास गर्ने ।
- बानीको विकास गर्ने विभिन्न सहजीकरण विधिको प्रयोग गरी सहजीकरण गर्ने ।
- अतिथिसँग शिष्ट व्यवहार गर्न ,अपरिचित व्यक्तिहरूलाई सहयोग गर्न र सभ्य आचरण गर्ने बानीको विकास गर्ने ।
- आफ्नो काम आफै गर्ने बानीको विकास गर्ने खालका क्रियाकलापहरू बनाउने ।

## (ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

## (च) कार्य घण्टाः ३०

## ६.(क) थिमः व्यवहारिक लेखन

## (ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः

१. निवेदन प्रति उत्सुकता देखाउन ।

२ सामान्य शुभकामना प्रकट गर्न (जन्म दिनको चाडपर्वको) ।

## (ग) विषयवस्तुः

- निवेदन
- शुभकामना

## (घ) शिक्षण सिकाइ क्रियाकलापः

- विद्यालय,सामुदायिक वन,आमा समुह,वडा कार्यालय विभिन्न सरकारी कार्यालय हरूमा सेवा लिनको लागि निवेदन चाहिने तथ्य बुझाउन सम्बन्धित स्थानमा वा सम्बन्धित व्यक्तिलाई आमन्त्रण गरी छलफल गरी त्यस तर्फ उत्सुक बनाउने ।
- निवेदनका नमुना प्रदर्शन गर्ने ।
- शुभकामनाका नमुना प्रर्दशन गर्दै सहजीकरण गर्ने ।

## (ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

## (च) कार्यघण्टाः१५

## कक्षाः२

### १.(क) थिमः स्थानीय संस्कृति

### (ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः

१. आफ्नो गाउँटोलमा लाग्ने मेलाहरूको नाम भन्न ।
२. आफ्नो गाउँटोलमा गाइने गीतहरूप्रति रुचि देखाउन ।
३. आफ्नो गाउँटोलमा लगाइने परम्परागत पोसाकहरू र गरगहनाको नाम भन्न ।
४. आफ्नो गाउँटोलमा नाचिने नाचहरूप्रति रुचि देखाउन ।

### (ग) विषयवस्तुः

- ❖ आफ्नो गाउँटोलमा लाग्ने मेलाहरू
- ❖ आफ्नो गाउँटोलमा गाइने गीतहरू
- ❖ आफ्नो गाउँटोलका परम्परागत पोसाकहरू र गरगहनाहरू
- ❖ आफ्नो गाउँटोलमा नाचिने नाचहरू

### (घ) शिक्षण सिकाइ क्रियाकलापः

- श्रव्यदृष्य सामग्रीको अधिकतम प्रयोग गर्दै सहभागितामूलक सिकाइ गर्ने ।
- स्थानीय स्तरका स्रोत शिक्षकको अधिकतम प्रयोग गरी सिकाइ गर्ने ।
- प्रर्दशन विधि ,अभिनय विधि,अवलोकन विधि प्रश्नोत्तर विधिको प्रयोग गर्ने ।

### (ङ) मूल्याङ्कनः अवलोकन, चेकलिष्ट, प्रश्नोत्तर

### (च) कार्यघण्टाः३५

### २.(क) थिमः स्थानीय व्यवसाय

### (ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः

१. आफ्ना अभिभावकले गर्ने व्यवसायप्रति रुचि देखाउन ।
२. आफ्नो गाउँटोलमा लगाइने तरकारीको नाम भन्न ।
३. आफ्नो गाउँटोलमा उत्पादन गरिने अन्नबाली र नगदेबालीको नाम भन्न ।
४. आफ्नो गाउँ टोलमा पालिने पशुपक्षीको नाम भन्न ।
५. आफू र आफ्नो परिवार प्रति तथा पेसाप्रति सम्मान देखाउन

### (ग) विषयवस्तुः

- ❖ आफ्नो परिवारले गर्ने व्यवसाय
- ❖ वेमौसमी तरकारी
- ❖ स्थानीय स्तरमा हुने अन्नबाली
- ❖ नगदे बाली र तरकारी बाली पशुपक्षी

### (घ) शिक्षण सिकाइ क्रियाकलापः

- छलफल विधि ,प्रदर्शन विधि,परियोजना विधिको प्रयोग गर्ने ।

- विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोधखोज विधि,क्षेत्र भ्रमण विधि, प्रश्नोत्तर विधिको प्रयोग साथै सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने ।
- विद्यालयको करेसाबारीमा अवलोकन तथा सहयोग गर्ने बानीको विकास गराउदै सम्बन्धित विषयको सिकाइको लागि प्रत्यक्ष सिकाइ गर्ने विधिको अवलम्बन गर्ने ।

**(ङ) मूल्याङ्कनः प्रश्नोत्तर,अवलोकन,निरन्तर मूल्याङ्कन**

**(च) कार्यघण्टाः३०**

**३.(क) थिमः हाम्रो भूगोल**

**(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः**

१. आफ्नो गाउँटोलका खोला खोल्साहरूको नाम भन्न र लेख्न ।
२. आफ्नो गाउँटोलका पर्यटकीय,धार्मिक तथा ऐतिहासिक स्थलहरूको नाम भन्न र लेख्न।
३. कपुरकोट गाउँपालिकाको नक्सामा आफ्नो वडा चिन्न ।

**(ग) विषयवस्तुः**

❖ आफ्नो वडाका खोला पहाड खोल्सा वन जङ्गल
❖ पर्यटकीय तथा ऐतिहासिक स्थलहरू धार्मिक स्थलहरू
❖ नक्सामा आफ्नो वडा

**(घ) शिक्षण सिकाइ क्रियाकलापः**

- छलफल विधि ,प्रदर्शन विधि,परियोजना विधिको प्रयोग गर्ने ।
- विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोधखोज विधि,क्षेत्र भ्रमण विधि, प्रश्नोत्तर विधिको प्रयोग साथै सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने ।
- पालिकाको नक्सामा आफ्नो वडाको पहिचान गर्न सहजीकरण गर्ने ।

**(ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन**

**(च) कार्यघण्टाः२५**

**४.(क) थिमः हाम्रो पालिका**

**(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः**

१. आफू बस्ने टोलको नाम गाउँको नाम र वडा नं भन्न
२. आफ्नो टोलमा रहेको सेवा प्रदायक संस्थाको नाम बताउन
३. आफ्नो वडाको परिचय प्रति उत्सुकता देखाउन ।
४. आफ्नो पालिकाको सामान्य परिचय प्रति रुचि देखाउन ।
५. विशिष्टता प्रति उत्सुकता देखाउन ।

**(ग) विषयवस्तु**

❖ आफ्नो टोल, गाउँ , वडा
❖ वडा स्थित सेवा प्रदायक कार्यालय
❖ कपुरकोट गाउँपालिका पालिका पदाधिकारी

### (घ) शिक्षण सिकाइ क्रियाकलापः

- छलफल विधि ,प्रदर्शन विधि,परियोजना विधिको प्रयोग गर्ने ।
- विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोधखोज विधि,क्षेत्र भ्रमणविधि, प्रश्नोत्तर विधिको प्रयोगका साथै सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने ।(जस्तोः वडाको बारेमा जानकारी प्रदान गर्न वडा कार्यालयमै लगेर छलफल गराउने तथा सेवा प्रदायक संस्थाको बारेमा जानकारी दिन सम्बन्धित संस्थामै क्षेत्र भ्रमण गराइ जानकारी दिने ।)
- छलफल विधिको प्रयोग गर्दै व्यक्तिगत तथा पारिवारिक विशिष्टताको सम्बन्धमा कक्षामा छलफल गर्न लगाइ प्रत्येक व्यक्तिमा विशिष्ट गुण रहेको सम्बन्धमा छलफल गराउने ।
- आफ्नो गाउँ टोलको विशिष्टताको सम्बन्धमा छलफल गराउने । गाउँ टोलको नाम चलेको पेसा वा व्यक्तिको सम्बन्धमा छलफल गराउने ।

### (ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

### (च) कार्यघण्टाः२०

### ५.(क) थिमः हाम्रो संस्कार

### (ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः

१. पारिवारिक संस्कार बमोजिम परिवारका सदस्य र अपरिचितलाई अभिवादन गर्ने ।
२. पारिवारिक परम्पराप्रति उत्सुकता देखाउन ।
३. पारिवारिक संस्कारहरू प्रति रुचि देखाउन ।
४. उपयुक्त संस्कार प्रति उत्सुकता देखाउन ।
५. आफ्नो परिवारका सदस्य र अपरिचितलाई शिष्ट व्यवहार गर्ने ।
६. सामान्य आत्मालोचना गर्ने ।
७. उद्घोषण गर्न रुचि देखाउन ।

### (ग) विषयवस्तुः

- ❖ पारिवारिक संस्कार
- ❖ अभिवादन
- ❖ पारिवारिक परम्परा
- ❖ शिष्ट व्यवहार
- ❖ शिष्ट आचरण
- ❖ उद्घोषण
- ❖ आत्मालोचना

### (घ) शिक्षण सिकाइ क्रियाकलापः

- परिवारका सदस्यहरूलाई आफ्नो संस्कार अनुसारको दैनिक अभिवादन र सम्बोधन गर्न प्रेरित गर्ने ।
- बानीको विकास गर्ने विभिन्न सहजीकरण विधिको प्रयोग गरी सहजीकरण गर्ने ।
- परिवारमा प्रयोग गरिने लोककथा ,गाउँखानेकथा सुन्ने र सुनाउने उपयुक्त वातावरणको निर्माण तर्फ उत्सुक बनाउने । परिवारका सदस्यहरूलाई आफ्नो संस्कार अनुसारको दैनिक अभिवादन र सम्बोधन गर्न प्रेरित गर्ने ।
- अभिनय विधि ,खेल विधिको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने ।

- आदरार्थी शब्दको प्रयोगमा व्यापकता ल्याउन सहजीकरण गर्ने ।
- मान्यजन, अतिथि, अपरिचित व्यक्तिलाई अभिवादन,शिष्ट सम्बोधन र शिष्ट व्यवहार गर्न उत्प्रेरित गर्ने।
- गल्ती स्वीकार गर्ने बानीको विकास गर्न व्यवहारिक तथा विभिन्न मनोवैज्ञानिक विधिहरूको अवलम्बन गर्ने ।आत्मालोचना गर्न उत्सुक बनाउन विद्यार्थीलाई प्रत्येक दिन आफूले गरेका राम्रा काम र आफूलाई नराम्रो लागेको आफैले गरेको काम बताउन लगाइ वा यस्तै अन्य उपागमको प्रयोग गरी बानीको विकास गर्ने ।
- बानीको विकास गर्ने विभिन्न सहजीकरण विधिको प्रयोग गरी सहजीकरण गर्ने ।
- अतिथिसँग शिष्ट व्यवहार गर्न ,अपरिचित व्यक्तिहरूलाई सहयोग गर्न र सभ्य आचरण गर्ने बानीको विकास गर्ने ।स्थानीय स्तरमा प्रयोग हुने लोककथा ,गाउँखानेकथा सुन्ने र सुनाउने उपयुक्त वातावरणको निर्माणमा जोड दिने ।
- कक्षा गत कार्यक्रमहरूमा उद्घोषण गर्न सहजीकरण गर्ने ।

### (ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

### (च) कार्यघण्टाः३५

### ६.(क) थिमः व्यवहारिक लेखन

### (ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः

१. निवेदनप्रति उत्सुकता देखाउन ।

२ सामान्य शुभकामना प्रकट गर्न (जन्म दिनको ,चाडपर्वको) सहानुभुति व्यक्त गर्न ।

### (ग) विषयवस्तुः

- निवेदन
- शुभकामना
- सहानुभुति
- उदघोषण

### (घ) शिक्षण सिकाइ क्रियाकलापः

- विद्यालय,सामुदायिक वन,आमा समुह,वडा कार्यालय विभिन्न सरकारी कार्यालयहरूमा सेवा लिनको लागि निवेदन चाहिने तथ्य बुझाउन सम्बन्धित स्थानमा वा सम्बन्धित व्यक्तिलाई आमन्त्रण गरी छलफल गरी त्यस तर्फ उत्सुक बनाउने ।
- निवेदनका नमुना प्रदर्शन गर्ने ।
- शुभकामना ,सामान्य चिठी, निमन्त्रणा,भरपाई तमसुक ,समवेदना का नमुना प्रर्दशन गर्दै सहजीकरण गर्ने ।
- नमुना हेरी लेख्न सहजीकरण गर्ने ।

### (ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, निरन्तर मूल्याङ्कन

### (च) कार्यघण्टाः१५

## कक्षाः३

### १.(क) थिमः स्थानीय संस्कृति

### (ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः

१. आफ्नो वडामा लाग्ने मेलाहरू को नाम भन्न।

२. आफ्नो परिवार तथा वडामा गाइने गीतहरूप्रति रुचि देखाउन।

३. आफ्नो परिवार तथा वडाभित्र लगाइने परम्परागत पोसाकहरू र गरगहनाका नाम भन्न ।

४. आफ्नो वडामा नाचिने नाचहरूप्रति रुचि देखाउन।

### (ग) विषयवस्तुः

- आफ्नोगाउँटोलमा लाग्ने मेलाहरू,पर्वहरू
- आफ्नोगाउँटोलमा गाइने गीतहरू
- आफ्नोगाउँटोलका परम्परागत पोसाकहरू,गरगहनाहरू
- आफ्नो गाउँटोलमा नाचिने नाचहरू,बाजाहरू

### (घ) शिक्षण सिकाइ क्रियाकलापः

- श्रव्यदृष्य सामग्रीको अधिकतम प्रयोग गर्दै सहभागितामूलक सिकाइ गर्ने ।
- स्थानीय स्तरका स्रोत शिक्षकको अधिकतम प्रयोग गरी सिकाइ गर्ने ।
- प्रर्दशन विधि ,अभिनय विधि,अवलोकन विधि प्रश्नोत्तर विधिको प्रयोग गर्ने ।

### (ङ) मूल्याङ्कनः अवलोकन, चेकलिष्ट, प्रश्नोत्तर

### (च) कार्य घण्टाः ३०

### २.(क) थिमः स्थानीय व्यवसाय

### (ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः

१. आफ्ना अभिभावकले गर्ने व्यवसायप्रति उत्सुकता देखाउन ।
२. आफ्नो गाउँटोलमा लगाइने तरकारीको नाम भन्न र तरकारी खेति प्रति रुचि देखाउन ।
३. आफ्नो गाउँटोलमा उत्पादन गरिने अन्नबाली नाम भन्न तथा सो कार्यप्रति सामान्य रुचि प्रदर्शन गर्न ।
४. आफ्नो गाउँ टोलमा पालिने पशुपक्षीको नाम भन्न ।
५. आफू र आफ्नो परिवार प्रति तथा पेसा प्रति सम्मान देखाउन ।

### (ग) विषयवस्तुः

- ❖ आफ्नो परिवारले गर्ने व्यवसाय
- ❖ वेमौसमी तरकारी
- ❖ स्थानीय स्तरमा हुने अन्नबाली
- ❖ नगदेबाली र तरकारी बाली
- ❖ पशुपक्षी

३. कपुरकोट गाउँपालिकामा नाचिने नाचहरूको सामान्य परिचय बताउन र शिक्षकको निर्देशनमा सामान्य चरणहरू धुन तथा गीतको आधारमा नक्कल गर्न ।(झ्याउरे ,सोरठी, लहरे, लाखे ,टप्पा लगायतका नाचहरू)
४. आफ्नो परिवारको परम्परागतपोसाक तथा गरगहनाहरूको प्रयोगप्रति उत्सुकता प्रदर्शन गर्न।
५. कपुरकोट गाउँपालिकामा प्रयोग गरिने बाजाहरूको सूचि बनाउन र प्रयोगप्रति उत्सुकता प्रदर्शन गर्न ।
६. आफ्नो मातृभाषाप्रति रुचि देखाउन ।

## (ग) विषयवस्तुः

- कपुरकोट गाउँपालिकामा लाग्ने मेलाहरू
- कपुरकोट गाउँपालिकामा मनाउने पर्व तथा जात्राहरू
- कपुरकोट गाउँपालिकामा गाइने गीतहरू
- कपुरकोट गाउँपालिकामा नाचिने नाचहरू
- कपुरकोट गाउँपालिकाका परम्परागत पोसाकहरू,गरगहनाहरू
- कपुरकोट गाउँपालिकाका बाजागाजाहरू

## (घ) शिक्षण सिकाइ क्रियाकलापः

- स्थानीय  स्तरका नाचका गुरुहरूलाई विद्यालयमा आमन्त्रण गरी उनीहरूको ज्ञान सीपलाई तथ्यगत रूपमा प्रयोग गरी सिकाइ सञ्चालन गर्ने ।
- श्रव्यदृष्य सामग्रीको अधिकतम उपयोग गर्ने ।
- सभा समारोह तथाप्रतियोगितामा समावेश हुन र आफ्नोप्रतिभा देखाउन विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने ।
- बाजाहरू बजाउने स्रोत शिक्षकको प्रयोग गरी बाजाहरू बजाउन उत्सुक बनाउन अभिभावकहरूको सहयोग लिने ।
- स्थानीय स्तरमा पाइने बाजाहरूको संग्रहालयमा विद्यार्थीलाई क्षेत्र भ्रमण गराउने ।
- विशेष अवसरमा नाचिने तथा गाइने विविध मौलिक संस्कृतिहरूलाई प्रत्यक्ष अवलोकन गराइ सिकाइ गराउने ।
- स्थानीय स्तरमा लाग्ने मेला तथा मनाइने जात्रामा सम्भव भएसम्म सामूहिक क्षेत्र भ्रमण गराइ उत्सुकता जगाउने।
- संरक्षण र सम्वर्धनका महत्त्व,फाइदा सम्बन्धमा उत्सुक बनाउन समूह कार्यलाई प्रोत्साहन गर्ने ।
- प्रर्दशन विधि ,अभिनय विधि, अवलोकन विधि प्रश्नोत्तर विधिको प्रयोग गरी सिकाइ गर्ने ।

**(ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, इकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा**

**(च) कार्यघण्टाः २०**

## २.(क) थिमः स्थानीय व्यवसाय

## (ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः

१. आधुनिक खेती प्रणाली र विषादी रहित खेती प्रणालीको सामान्य परिचय दिन।
२. सामूहिक करेसाबारी निर्माण गरी आफ्नो क्षेत्रमा हुने तरकारी बालीहरूको नमुना खेती गरी अर्थोपार्जन तर्फ उत्सुक बन्न ।
३. व्यवसायिक खेतीपातीमा कृषि उपज बजार ,आधुनिक कृषि प्रविधि,औजारहरूको महत्त्व र फाइदा , प्रयोग बताउन ।
४. शिक्षकको निर्देशनमा बाँसबाट उत्पादन गरिने सामान्य सामग्रीहरूको नमुना निर्माणमा सहयोग गर्नतथा आवश्यक सामग्रीको सूचि बनाउन ।
५. कपुरकोट क्षेत्रमा व्यवसायिक रूपमा पाल्न सकिने पशु पक्षीहरूको सूचि बनाउन तथा व्यवसायिक पशुपालनको फाइदा र महत्त्व बताउन ।

## (ग) विषयवस्तुः

- पारिवारिकव्यवसाय
- कपुरकोटको वेमौसमी तरकारी
- कपुरकोट गाउँपालिकामा उत्पादन गरिने अन्नबाली र नगदेबाली
- कपुरकोट गाउँपालिकामा पालिने पशुपक्षी
- उत्पादन गरिएकावस्तु बिक्रीस्थल हाटबजार
- बाँसबाट उत्पादन गरिएका सामग्री महत्त्व र आवश्यक सामग्री

## (घ) शिक्षण सिकाइ क्रियाकलापः

- विद्यालयमै करेसाबारीको निर्माण गर्न सहजीकरण गर्ने ।
- नजिकको खेतबारीमा क्षेत्र भ्रमण गराउने ।
- विभिन्न किसिमका बालीहरूको सङ्कलन गर्न लगाइ प्रत्यक्ष पहिचान गर्न लगाउने ।
- अवलोकन विधि ,छलफल विधि ,प्रश्नोत्तर विधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
- स्थानीय स्तरका व्यवसायिक कृषि फर्महरू,कृषि उपज बजार,किसानहरू र आधुनिक औजारहरू प्रयोग गरेका स्थानमा विद्यार्थीहरूलाई क्षेत्र भ्रमण गराउने
- विषादी रहित खेती प्रणाली (अर्गानिक खेती) तर्फ आकर्षित गर्दै यसका फाइदाहरू सम्बन्धमा छलफल गराउने ।
- सरोकारवाला कार्यालयहरूको समन्वयमा अर्गानिक खेती प्रणाली सम्बन्धी कार्यशाला गोष्ठीमा सहभागी बनाउने ।
- पशुपालन सम्बन्धमा उत्सुकता जगाउन व्यवसायिक पशुपालन गरेको स्थानको क्षेत्र भ्रमण तथा पशुपालनको आर्थिक तथा सामाजिक पक्षको सम्बन्धमा सहजीकरण गर्ने ।

- स्थानीय स्तरमा बाँसको सामग्री निर्माण गर्ने व्यक्तिहरूलाई श्रोत शिक्षकको रूपमा प्रयोग गरी सिकाइ सहजीकरण गर्ने ।
- स्वस्थ र सन्तुलित आहार सम्बन्धमा कृषिकर्म र पशुपालनको सम्बन्ध प्रष्ट पार्ने किसिमले विभिन्न वक्तृत्व कला,वादविवादप्रतियोगिता सञ्चालन गर्ने ।

**(ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, इकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा**

**(च) कार्यघण्टाः२८**

**३.(क) थिमः हाम्रो भूगोल**

**(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः**

१. कपुरकोट गाउँपालिकाका मुख्य खोला खोल्सा, ताल,पोखरी, खहरे,मुल,मुहानहरूको सूचि बनाउन र उपयोगिता सम्बन्धमा उत्सुकता देखाउन।
२. कपुरकोट गाउँपालिकाकासामुदायिक वन र पाइने खनिज पदार्थको सूचि बनाउन र संरक्षण तथा प्रयोगमा उत्सुकता प्रदर्शन गर्न।
३. कपुरकोट गाउँपालिकामा पाइने जडीबुटीहरूको सामान्य परिचय दिन ।
४. कपुरकोट गाउँपालिकाका पर्यटकीय,धार्मिक तथा ऐतिहासिक स्थलहरूको सामान्य परिचय दिन।
५. कपुरकोट गाउँपालिकाका मुख्य सडकहरूको सूचि बनाउन रपालिकाको नक्सामा मुख्य सडक सञ्जाल कोर्न ।

**(ग) विषयवस्तुः**

- कपुरकोट गाउँपालिकाका मुख्य खोला तथा खोल्साहरू,मुलहरू,खानेपानीको स्रोतहरू ।
- कपुरकोट गाउँपालिकाको राष्ट्रिय तथा सामुदायिक वन ,वन्य जन्तु तथा पक्षीहरू
- कपुरकोट गाउँपालिकाको सेरोफेरोमा पाइने खनिज
- हाम्रा पर्यटकीय तथा ऐतिहासिक स्थलहरू
- कपुरकोट गाउँपालिकामा रहेका धार्मिक स्थलहरू
- कपुरकोट गाउँपालिकाका मुख्य मुख्य सडकहरू

**(घ) शिक्षण सिकाइ क्रियाकलापः**

- छलफल विधि ,प्रदर्शन विधि,परियोजना विधिको प्रयोग गर्ने ।
- विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोधखोज विधि,क्षेत्र भ्रमण विधि, प्रश्नोत्तर विधिको प्रयोग साथै सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने।
- गाउँपालिका अन्तरगतका प्राकृतिक स्रोत र सम्पदाहरूका बारेमा सहजीकरण गर्ने गाउँपालिकाले प्रकाशित गर्ने वार्षिकप्रतिवेदनको आधारमा विभिन्न सूचकहरूको छलफल गराउने ।
- सामाजिक नक्सा बनाउन विद्यार्थीलाई उत्प्रेरित गर्ने कार्यलाई प्राथमिकता दिने ।

**(ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, इकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा**

**(च) कार्यघण्टाः२०**

## ४.(क) थिमः हाम्रो गाउँपालिका

## (ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः

१. सल्यान जिल्लाको सामान्य परिचय दिन।
२. कपुरकोट गाउँपालिकाको परिचय दिन।(क्षेत्रफल,जनसंख्या,भौगोलिक अवस्थिति)
३. पालिका अध्यक्ष र उपाध्यक्षका कार्यहरूको सामान्य जानकारी दिन ।
४. पालिका भित्रका सेवा प्रदायक सरकारी र गैर सरकारी कार्यालयहरूकोसूचि बनाउन ।
५. कृषि पर्यटन र पुर्वाधार कपुरकोटको विकासको आधार भन्ने पालिकाको नाराको सन्दर्भमा सामान्य व्याख्या गर्न ।
६. आफ्नो गाउँको नामको ऐतिहासिकता सम्बन्धमा सामान्य जनश्रुतिहरू बताउन ।
७. कपुरकोट गाउँपालिकाको विशिष्टताको सामान्य वर्णन गर्न र लेख्न ।
८. गाउँपालिकाको मौसम सम्बन्धी विविधताको सामान्य वर्णन गर्न र लेख्न।
९. पालिकाको मानव विकास सूचकाङ्कमा उत्सुकता प्रदर्शन गर्न ।

## (ग) विषयवस्तुः

- सल्यान जिल्लाका स्थानीय तहहरू
- कपुरकोट गाउँपालिकाको परिचय
- अध्यक्ष तथा उपाध्यक्षका कार्यहरू
- वडा भित्रका सरकारी र गैर सरकारी कार्यालय र तिनिहरूले दिने सेवा
- हाम्रो पालिकाको प्रसिद्धि
- हाम्रो हावापानी
- हाम्रो पालिकाको जनशक्ति

## (घ) शिक्षण सिकाइ क्रियाकलापः

- छलफल विधि ,प्रदर्शन विधि,परियोजना विधिको प्रयोग गर्ने ।
- विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोधखोज विधि,क्षेत्र भ्रमण विधि, प्रश्नोत्तर विधिको प्रयोग साथै सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने ।
- स्थानीय सरकारकाप्रतिनिधिहरूलाई आमन्त्रण गरी संघीय संरचना सम्बन्धमा सहजीकरण गर्ने ।
- अभिनय विधि को प्रयोग गरी परिचय दिने बानीको विकास गर्न सहजीकरण गर्ने ।
- पालिका कार्यालयको नागरिक वडापत्रको बारेमा क्षेत्र भ्रमणको माध्यमबाट दिइने सुविधा सम्बन्धमा जानकारी गराउने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवाहरूको सूचि सम्बन्धमा छलफल गराउने ।
- गाउँटोलको नामको ऐतिहासिकता सम्बन्धमा छलफल गराइ उत्सुक बनाउने ।
- कपुरकोट गाउँपालिकालाई चिनाउने स्थान ,व्यवसाय, व्यक्ति तथा परम्परा सम्बन्धमा छलफल गराउने
- कपुरकोट गाउँपालिकाको समग्र हावापानी तथा मौसम सम्बन्धमा छलफल गराइ हावापानी तथा मौसम सम्बन्धी विविधताबारेमा छलफल गराउने ।

- जनशक्तिको महत्त्व र कपुरकोट गाउँपालिकाको वर्तमान जनशक्तिको सूचक सम्बन्धमा उत्सुकता जगाउने सम्बन्धमा छलफल गराइ सिकाइ सहजीकरण गर्ने ।

**(ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, इकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा**

**(च) कार्यघण्टाः२०**

## ५.(क) थिमः हाम्रो संस्कार

## (ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः

१. स्थानीय स्तरमा विवाह ,व्रतबन्धर मृत्यु संस्कारमा हुने विविधताहरू उल्लेख गर्न ।
२. आफ्नो पारिवारिक संस्कारहरूको सामान्य परिचय दिन र पालनमा उत्सुकता देखाउन।
३. मानव जीवनमा गरिने विभिन्न संस्कारहरूको सूचि बनाउन र उत्सुकता प्रदर्शन गर्न।
४. विद्यालयले आयोजना गर्ने वा कक्षागत तथा सामूहिक रूपमा श्रमसेवामा सहभागी हुन र सामाजिक सेवामा उत्सुकता प्रदर्शन गर्न ।
५. अर्मपर्ममा उत्सुकता प्रदर्शन गर्न र महत्त्व बताउन ।
६. विद्यालयमा समयानुकूल शिष्ट व्यवहार प्रदर्शन गर्न।
७. सकारात्मक सोच र नैतिक व्यवहार प्रति उत्सुकता प्रदर्शन गर्न ।
८. कक्षा गत कार्यक्रममा उद्‌घोषण गर्न र उद्‌घोषणका सामान्य विधिहरू अवलम्बन गर्न।
९. गल्ती स्वीकार गर्न र क्षमायाचना गर्न ,क्षमा दिन उत्सुकता प्रदर्शन गर्न ।
१०. आफ्नो सामान्य काम आफै गर्न ।
११. आफ्नो परिवारले खाने सामान्य खाना तयार गर्न ।
१२. जेष्ठ नागरिक सेवामा उत्सुकता प्रदर्शन गर्दै व्यक्तिगत वा सामूहिक रूपमा सेवा गर्न ।

## (ग) विषयवस्तुः

- विवाह व्रतबन्धमा गरिने विभिन्न संस्कार
- अर्मपर्म ,श्रमदान वा श्रमसेवा
- घरायसी कामकाजमा सहयोग
- पारिवारिक संस्कार
- अभिवादन
- सकारात्मक सोच
- निर्णय सीपको विकास
- उद्‌घोषण सीप र यसका आधारभूत तत्त्वहरू
- नैतिक आचरण
- व्यक्तिगत कामहरू
- जेष्ठ नागरिक सेवा तथा सम्मान

## (घ) शिक्षण सिकाइ क्रियाकलापः

- आफ्नो परिवारमा तथा गाउँटोलमा गरिने विभिन्न संस्कारहरू सम्बन्धमा छलफल गराइ सिकाइ सहजीकरण गर्ने ।विभिन्न संस्कारमा सहभागिताको आधारमा विद्यार्थीहरूलाई अन्तरक्रिया गराइ उनीहरूमा पारिवारिक संस्कारप्रति रुचि बढाउने क्रियाकलापहरू गराउने ।

- हिन्दू संस्कारका १६ संस्कारहरू बारेमा छलफल गराइ विभिन्न सामाजिक संस्कारहरू सम्बन्धमा उत्सुक बनाउने क्रियाकलापहरू गराइ सिकाइ सहजीकरण गर्ने ।
- सामाजिक सेवा श्रमदान अर्मपर्म सम्बन्धी क्रियाकलापमा सहभागी बनाइ सिकाइ सहजीकरण गर्ने । विद्यार्थीलाई गरेर सिक्ने अवसर उपलब्ध गराउने ।
- सबैलाई  संस्कार अनुसारको अभिवादन र सम्बोधन गर्न प्रेरित गर्ने ।
- अभिनय विधि ,खेल विधिको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने ।दैनिक जीवनमा मान्यजनलाई दैनिक अभिवादन गर्न, अतिथि, अपरिचित व्यक्तिलाई अभिवादन,शिष्ट सम्बोधन र शिष्ट व्यवहार गर्ने तथा आदरार्थी शब्दको प्रयोगमा व्यापकता ल्याउन सहजीकरण गर्ने ।
- आफूभन्दा साना प्रतिको जिम्मेवारी बोध गर्ने क्रियाकलाप गराउने तथा स्नेह प्रर्दशन गर्नु पर्ने बोध गराउन विभिन्न क्रियाकलाप सञ्चालन गर्ने ।
- गल्ती स्वीकार गर्ने बानीको विकास गर्न व्यवहारिक तथा विभिन्न मनोवैज्ञानिक विधिहरूको अवलम्बन गर्ने ।
- आत्मालोचना गर्न उत्सुक बनाउन विद्यार्थीलाई प्रत्येक दिन आफूले गरेका राम्रा काम र आफूलाई नराम्रो लागेको आफैले गरेको काम बताउन लगाइ वा यस्तै अन्य उपागमको प्रयोग गरी बानीको विकास गर्ने ।
- उद्घोषणको लागि सबैलाई सहभागी बनाई प्रयोगात्मक कक्षा सञ्चालन गर्ने ।
- औपचारिक कार्यक्रमहरूमा शिष्ट सम्बोधन गर्न लगाउने । वाल क्लब,शुक्रबारीय कार्यक्रमहरू कक्षा गत कार्यक्रमहरूको आयोजना गरी उनीहरूलाई उदघोषणमा उत्प्रेरित गर्ने ।
- जेष्ठ नागरिक प्रति सम्मान गर्ने बानीको विकास गर्न विभिन्न सेवामूलक कार्यहरूममा विद्यार्थीलाई सहभागी बनाउने ।

### (ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, इकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा

### (च) कार्यघण्टाः१५

### ६.(क)  थिमः व्यवहारिक लेखन

### (ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः

१. विद्यालय स्तरमा चाहिनेनिवेदन लेख्न ।
२. शुभकामना पत्र,समवेदना ,सहानुभुति,पारिवारिक चिठीहरूको नमुना लेखन गर्न ।
३. सामुदायिक वन सरकारी कार्यालयमा आवश्यक पर्ने विभिन्न निवेदनको नमुना लेखन गर्न ।
४. दैनिक जीवनमा आवश्यक पर्ने भरपाई,तमसुक, मिलापत्र लगायतका कागज पत्रको महत्त्व र लेखन प्रति उत्सुकता देखाउन ।
५. कक्षागत वा विद्यालय स्तरीय कार्यक्रमको र बैठकको निर्णय लेखन गर्न।

### (ग) विषयवस्तुः

- निवेदन,भरपाई, तमसुक, निर्णय लेखन ,बैठक पुस्तिका लगायत अन्य व्यवहारिक लेखन।
- शुभकामना समवेदना र पारिवारिक चिठी
- कार्यालयका लागि निवेदन
- अन्य व्यवहारिक निवेदन

### (घ) शिक्षण सिकाइ क्रियाकलापः

- विद्यालय,सामुदायिक वन,आमा समूह,वडा कार्यालय विभिन्न सरकारी कार्यालयहरूमा सेवा लिनको लागि निवेदन लेख्न उत्प्रेरित गर्ने।
- निवेदनका नमुना प्रदर्शन गर्ने ।
- शुभकामना ,सामान्य चिठी,निमन्त्रणा  भरपाई तमसुक ,समवेदना का नमुना प्रर्दशन गर्दै लेख्नलाई उत्प्रेरित गर्ने ।
- चिठी ,निवेदन ,शुभकामना पत्र, समबेदना पत्र लगायतका सामग्रीको लेखनप्रतियोगिताको आयोजना गरी सहजीकरण गर्ने ।
- विभिन्न समूहका बैठकका निर्णयका नमुना प्रर्दशन गरी निर्णय लेखनमा सहजीकरण गर्ने ।

## (ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, इकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा

## (च) कार्यघण्टाः२०

## कक्षाः८

### १.(क) थिमः स्थानीय संस्कृति

### (ख) सिकाइउपलब्धि/विशिष्ट उद्देश्यः

१. कपुरकोट पालिकामा लाग्ने मेला तथा जात्राहरूको ऐतिहासिकताको आधारमा परिचय दिन।
२. आफ्नो सेरोफेरोमा गाइने परम्परागत गीतहरू व्यक्तिगत तथा समुहमा लय मिलाई सम्बन्धित धुनमा गाउन उत्सुकता प्रदर्शन गर्न ।
३. कपुरकोट गाउँपालिकामा नाचिने नाचहरूको सामान्य परिचय बताउन र शिक्षकको निर्देशनमा सामान्य चरणहरू धुन तथा गीतको आधारमा नक्कल गर्न ।(झ्याउरे सोरठी लहरे लाखे टप्पा लगायतका नाचहरू)
४. आफ्नो परिवारको परम्परागतपोसाक तथा गरगहनाहरूको प्रयोगप्रति उत्सुकता प्रदर्शन गर्न।
५. कपुरकोट गाउँपालिकामा प्रयोग गरिने बाजाहरूको सूचि बनाउन र प्रयोगप्रति उत्सुकता प्रदर्शन गर्न ।
६. आफ्नो मातृभाषाप्रति उत्सुकता देखाउन ।

### (ग) विषयवस्तुः

- कपुरकोट गाउँपालिकामा लाग्ने मेलाहरू
- कपुरकोट गाउँपालिकामा मनाउने पर्व तथा जात्राहरू
- कपुरकोट गाउँपालिकामा गाइने गीतहरू
- कपुरकोट गाउँपालिकामा नाचिने नाचहरू
- कपुरकोट गाउँपालिकाका परम्परागत पोसाकहरू,गरगहनाहरू
- कपुरकोट गाउँपालिकाका बाजागाजाहरू

### (घ) शिक्षण सिकाइ क्रियाकलापः

- स्थानीय  स्तरका नाचका गुरुहरूलाई विद्यालयमा आमन्त्रण गरी उनीहरूको ज्ञान सीपलाई तथ्यगत रूपमा प्रयोग गरी सिकाइ सञ्चालन गर्ने ।
- श्रव्यदृष्य सामग्रीको अधिकतम उपयोग गर्ने ।
- सभा समारोह तथाप्रतियोगितामा समावेश हुन र आफ्नोप्रतिभा देखाउन विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने ।
- बाजाहरू बजाउने स्रोत शिक्षकको प्रयोग गरी बाजाहरू बजाउन उत्सुक बनाउन अभिभावकहरूको सहयोग लिने ।
- स्थानीय स्तरमा पाइने बाजाहरूको संग्रहालयमा विद्यार्थीलाई क्षेत्र भ्रमण गराउने ।
- विशेष अवसरमा नाचिने तथा गाइने विविध मौलिक संस्कृतिहरूलाई प्रत्यक्ष अवलोकन गराइ सिकाइ गराउने ।
- स्थानीय स्तरमा लाग्ने मेला तथा मनाइने जात्रामा सम्भव भएसम्म सामूहिक क्षेत्र भ्रमण गराइ उत्सुकता जगाउने।
- संरक्षण र सम्वर्धनका महत्त्व,फाइदा सम्बन्धमा उत्सुक बनाउन समूह कार्यलाई प्रोत्साहन गर्ने ।
- प्रर्दशन विधि ,अभिनय विधि, अवलोकन विधि प्रश्नोत्तर विधिको प्रयोग गरी सिकाइ गर्ने ।

### (ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, इकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा

**(च) कार्यघण्टाः २०**

## २.(क) थिमः स्थानीय व्यवसाय

## (ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः

१. आधुनिक खेती प्रणाली र विषादी रहित खेती प्रणालीको परिचय दिन।
२. सामूहिक करेसाबारी निर्माण गरी आफ्नो क्षेत्रमा हुने तरकारी बालीहरूको नमुना खेती गरी अर्थोपार्जन तर्फ उत्सुक बन्न ।
३. व्यवसायिक खेतीपातीमा कृषि उपज बजार ,आधुनिक कृषि प्रविधि,औजारहरूको महत्त्व फाइदा र प्रयोग बताउन ।
४. शिक्षकको निर्देशनमा बाँसबाट उत्पादन गरिने सामान्य सामग्रीहरू कम्तिमा एउटाको नमुना निर्माण गर्नतथा आवश्यक सामग्रीको सूचि बनाउन ।
५. कपुरकोट क्षेत्रमा व्यवसायिक रूपमा पाल्न सकिने पशु पक्षीहरूको सूचि बनाउन तथा व्यवसायिक पशुपालनको फाइदा र महत्त्व बताउन ।

## (ग) विषयवस्तुः

- पारिवारिकव्यवसाय
- कपुरकोटको वेमौसमी तरकारी
- कपुरकोट गाउँपालिकामा उत्पादन गरिने अन्नबाली र नगदेबाली
- कपुरकोट गाउँपालिकामा पालिने पशुपक्षी
- उत्पादन गरिएकावस्तु बिक्रीस्थल हाटबजार
- बाँसबाट उत्पादन गरिएका सामग्री महत्त्व र आवश्यक सामग्री

## (घ) शिक्षण सिकाइ क्रियाकलापः

- विद्यालयमै करेसाबारीको निर्माण गर्न सहजीकरण गर्ने ।
- नजिकको खेतबारीमा क्षेत्र भ्रमण गराउने ।
- विभिन्न किसिमका बालीहरूको सङ्कलन गर्न लगाइ प्रत्यक्ष पहिचान गर्न लगाउने ।
- अवलोकन विधि ,छलफल विधि ,प्रश्नोत्तर विधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
- स्थानीय स्तरका व्यवसायिक कृषि फर्महरू,कृषि उपज बजार,किसानहरू र आधुनिक औजारहरू प्रयोग गरेका स्थानमा विद्यार्थीहरूलाई क्षेत्र भ्रमण गराउने ।
- विषादी रहित खेती प्रणाली (अर्गानिक खेती) तर्फ आकर्षित गर्दै यसका फाइदाहरू सम्बन्धमा छलफल गराउने ।
- सरोकारवाला कार्यालयहरूको समन्वयमा अर्गानिक खेती प्रणाली सम्बन्धी कार्यशाला गोष्ठीमा सहभागी बनाउने ।
- पशुपालन सम्बन्धमा उत्सुकता जगाउन व्यवसायिक पशुपालन गरेको स्थानको क्षेत्र भ्रमण तथा पशुपालनको आर्थिक तथा सामाजिक पक्षको सम्बन्धमा सहजीकरण गर्ने ।
- स्थानीय स्तरमा बाँसको सामग्री निर्माण गर्ने व्यक्तिहरूलाई श्रोत शिक्षकको रूपमा प्रयोग गरी सिकाइ सहजीकरण गर्ने ।
- स्वस्थ र सन्तुलित आहार सम्बन्धमा कृषिकर्म र पशुपालनको सम्बन्ध प्रष्ट पार्ने किसिमले विभिन्न वक्तृत्व कला,वादविवादप्रतियोगिता सञ्चालन गर्ने ।

**(ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, इकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा**

**(च) कार्यघण्टाः२३**

## ३.(क) थिमः हाम्रो भूगोल

**(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः**

१. कपुरकोट गाउँपालिकाका मुख्य खोला खोल्सा, ताल,पोखरी, खहरे,मुल,मुहानहरूको सूचि बनाउन र महत्त्व तथा सामान्य परिचय दिन।
२. कपुरकोट गाउँपालिकाकासामुदायिक वन र पाइने खनिज पदार्थको सूचि बनाउन र संरक्षण तथा प्रयोगमा उत्सुकता प्रदर्शन गर्न।
३. कपुरकोट गाउँपालिकामा पाइने जडीबुटीहरूको परिचय दिन ।
४. कपुरकोट गाउँपालिकाका पर्यटकीय,धार्मिक तथा ऐतिहासिक स्थलहरूको परिचय दिन।
५. कपुरकोट गाउँपालिकाका मुख्य सडकहरूको सूचि बनाउन रपालिकाको नक्सामा मुख्य र सहायक सडक सञ्जाल कोर्न ।
६. कपुरकोट गाउँपालिकाको सामाजिक नक्सा कोर्न ।

**(ग) विषयवस्तुः**

- कपुरकोट गाउँपालिकाका मुख्य खोला तथा खोल्साहरू,मुलहरू,खानेपानीको स्रोतहरू ।
- कपुरकोट गाउँपालिकाको राष्ट्रिय तथा सामुदायिक वन ,वन्य जन्तु तथा पक्षीहरू
- कपुरकोट गाउँपालिकाको सेरोफेरोमा पाइने खनिज
- हाम्रा पर्यटकीय तथा ऐतिहासिक स्थलहरू
- कपुरकोट गाउँपालिकामा रहेका धार्मिक स्थलहरू
- कपुरकोट गाउँपालिकाका मुख्य मुख्य सडकहरू
- सामाजिक नक्सा

**(घ) शिक्षण सिकाइ क्रियाकलापः**

- छलफल विधि ,प्रदर्शन विधि,परियोजना विधिको प्रयोग गर्ने ।
- विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोधखोज विधि,क्षेत्र भ्रमण विधि, प्रश्नोत्तर विधिको प्रयोग साथै सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने।
- गाउँपालिका अन्तरगतका प्राकृतिक स्रोत र सम्पदाहरूका बारेमा सहजीकरण गर्ने गाउँपालिकाले प्रकाशित गर्ने वार्षिकप्रतिवेदनको आधारमा विभिन्न सूचकहरूको छलफल गराउने ।
- सामाजिक नक्सा बनाउन विद्यार्थीलाई उत्प्रेरित गर्ने कार्यलाई प्राथमिकता दिने ।

**(ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, इकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा**

**(च) कार्यघण्टाः२०**

## ४.(क) थिमः हाम्रो गाउँपालिका

**(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः**

१. सल्यान जिल्लाका परिचय दिन।
२. कपुरकोट गाउँपालिकाको परिचय दिन।(क्षेत्रफल,जनसंख्या,भौगोलिक अवस्थिति,जात जाति र विभिन्न सूचकहरू सहित)
३. पालिका अध्यक्ष र उपाध्यक्षका कार्यहरूको सूचि बनाउन ।
४. पालिका तथा वडा स्तरीय विभिन्न समितिहरूको कार्यहरूप्रति उत्सुकता प्रदर्शन गर्न ।
५. पालिका भित्रका सेवा प्रदायक सरकारी र गैर सरकारी कार्यालयहरूकोसूचि बनाउन ।
६. कृषि पर्यटन र पुर्वाधार कपुरकोटको विकासको आधार भन्ने पालिकाको नाराको सन्दर्भमा व्याख्या गर्न ।
७. आफ्नो गाउँको नामको ऐतिहासिकता सम्बन्धमा जनश्रुतिहरू बताउन ।
८. कपुरकोट गाउँपालिकाको  विशिष्टताको वर्णन गर्न र लेख्न ।
९. गाउँपालिकाको मौसम सम्बन्धी विविधताको वर्णन गर्न र लेख्न।
१०. पालिकाको मानव विकास सूचकाङ्कमा उत्सुकता प्रदर्शन गर्न ।

## (ग) विषयवस्तुः

- सल्यान जिल्लाका स्थानीय तहहरू
- कपुरकोट गाउँपालिकाको परिचय
- अध्यक्ष तथा उपाध्यक्षका कार्यहरू
- वडा भित्रका सरकारी र गैर सरकारी कार्यालय र तिनिहरूले दिने सेवा
- हाम्रो पालिकाको प्रसिद्धि
- हाम्रो हावापानी
- हाम्रो पालिकाको जनशक्ति

## (घ) शिक्षण सिकाइ क्रियाकलापः

- छलफल विधि ,प्रदर्शन विधि,परियोजना विधिको प्रयोग गर्ने ।
- विद्यार्थीहरूलाई सक्रिय बनाउँदै सोधखोज विधि,क्षेत्र भ्रमण विधि, प्रश्नोत्तर विधिको प्रयोग साथै सम्बन्धित क्षेत्रमै लगेर सिकाइ सहजीकरण गर्ने ।
- स्थानीय सरकारका प्रतिनिधिहरूलाई आमन्त्रण गरी संघीय संरचना सम्बन्धमा सहजीकरण गर्ने ।
- अभिनय विधि को प्रयोग गरी परिचय दिने बानीको विकास गर्न सहजीकरण गर्ने ।
- पालिका कार्यालयको नागरिक वडापत्रको बारेमा क्षेत्र भ्रमणको माध्यमबाट दिइने सुविधा सम्बन्धमा जानकारी गराउने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवाहरूको सूचि सम्बन्धमा छलफल गराउने ।
- गाउँटोलको नामको ऐतिहासिकता सम्बन्धमा छलफल गराइ उत्सुक बनाउने ।
- कपुरकोट गाउँपालिकालाई चिनाउने स्थान व्यवसाय व्यक्ति तथा परम्परा सम्बन्धमा छलफल गराउने
- कपुरकोट गाउँपालिकाको समग्र हावापानी तथा मौसम सम्बन्धमा छलफल गराइ हावापानी तथा मौसम सम्बन्धी विविधताबारेमा छलफल गराउने ।
- जनशक्तिको महत्त्व र कपुरकोट गाउँपालिकाको वर्तमान जनशक्तिको सूचक सम्बन्धमा उत्सुकता जगाउने सम्बन्धमा छलफल गराइ सिकाइ सहजीकरण गर्ने ।

**(ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, इकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य ,प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा**

**(च) कार्यघण्टाः२०**

**५.(क) थिमः हाम्रो संस्कार**

**(ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः**

१. स्थानीय स्तरमा विवाह ,व्रतबन्धर मृत्यु संस्कारमा हुने विविधताहरू उल्लेख गर्न ।
२. आफ्नो पारिवारिक परम्पराहरूको सामान्य परिचय दिन ।
३. मानव जीवनमा गरिने विभिन्न संस्कारहरूको सूचि बनाउन र महत्त्व तथा सहभागितामा उत्सुकता प्रदर्शन गर्न।
४. विद्यालयले आयोजना गर्ने वा कक्षागत तथा सामूहिक रूपमा श्रमसेवामा सहभागी हुन र सामाजिक सेवामा उत्सुकता प्रदर्शन गर्न ।
५. अर्मपर्ममा उत्सुकता प्रदर्शन गर्न र महत्त्व बताउन ।
६. जेष्ठ नागरिक सेवामा उत्सुकता प्रदर्शन गर्दै व्यक्तिगत वा सामूहिक रूपमा सेवा गर्न ।
७. समाजमा समयानुकूल शिष्ट व्यवहार प्रदर्शन गर्न।
८. सकारात्मक सोच र नैतिक व्यवहार प्रति उत्सुकता प्रदर्शन गर्न ।
९. कक्षा गत कार्यक्रममा उद्घोषण गर्न र उद्घोषणका सामान्य विधिहरू अवलम्बन गर्न।
१०. गल्ती स्वीकार गर्न र क्षमायाचना गर्न ,क्षमा दिने बानीको अवलम्बन गर्न ।
११. आफ्नो सामान्य काम आफै गर्न ।
१२. आफ्नो पारिवारिक र स्थानीय विशेष खाने कुरा तयार गर्न ।

**(ग) विषयवस्तुः**

❖ विवाह व्रतबन्धमा गरिने विभिन्न संस्कार
❖ अर्मपर्म ,श्रमदान वा श्रमसेवा
❖ घरायसी कामकाजमा सहयोग
❖ पारिवारिक संस्कार
❖ अभिवादन
❖ सकारात्मक सोच
❖ निर्णय सीपको विकास
❖ उद्घोषण सीप र यसका आधारभूत तत्त्वहरू
❖ नैतिक आचरण
❖ व्यक्तिगत कामहरू
❖
❖ जेष्ठ नागरिक सेवा तथा सम्मान

**(घ) शिक्षण सिकाइ क्रियाकलापः**

- आफ्नो परिवारमा तथा गाउँटोलमा गरिने विभिन्न संस्कारहरू सम्बन्धमा छलफल गराइ सिकाइ सहजीकरण गर्ने ।

- विभिन्न संस्कारमा सहभागिताको आधारमा विद्यार्थीहरूलाई अन्तरक्रिया गराइ उनीहरूमा पारिवारिक संस्कार र परम्पराप्रति रुचि बढाउने क्रियाकलापहरू गराउने ।
- हिन्दु संस्कारका १६ संस्कारहरूबारेमा छलफल गराइ विभिन्न सामाजिक संस्कारहरू सम्बन्धमा उत्सुक बनाउने क्रियाकलापहरू गराइ सिकाइ सहजीकरण गर्ने ।
- सामाजिक सेवा श्रमदान अर्मपर्म सम्बन्धी क्रियाकलापमा सहभागी बनाइ सिकाइ सहजीकरण गर्ने ।
- विद्यार्थीलाई गरेर सिक्ने अवसर उपलब्ध गराउने ।
- सबैलाई  संस्कार अनुसारको अभिवादन र सम्बोधन गर्न प्रेरित गर्ने । अभिनय विधि ,खेल विधिको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने ।
- दैनिक जीवनमा मान्यजनलाई दैनिक अभिवादन गर्न, अतिथि, अपरिचित व्यक्तिलाई अभिवादन,शिष्ट सम्बोधन र शिष्ट व्यवहार गर्ने तथा आदरार्थी शब्दको प्रयोगमा व्यापकता ल्याउन सहजीकरण गर्ने ।
- आफूभन्दा साना प्रतिको जिम्मेवारी बोध गर्ने क्रियाकलाप गराउने तथा स्नेह प्रर्दशन गर्नु पर्ने बोध गराउन विभिन्न क्रियाकलाप सञ्चालन गर्ने ।
- गल्ती स्वीकार गर्ने बानीको विकास गर्न व्यवहारिक तथा विभिन्न मनोवैज्ञानिक विधिहरूको अवलम्बन गर्ने ।
- आत्मालोचना गर्न उत्सुक बनाउन विद्यार्थीलाई प्रत्येक दिन आफूले गरेका राम्रा काम र आफूलाई नराम्रो लागेको आफैले गरेको काम बताउन लगाइ वा यस्तै अन्य उपागमको प्रयोग गरी बानीको विकास गर्ने ।
- उद्घोषणको लागि सबैलाई सहभागी बनाई प्रयोगात्मक कक्षा सञ्चालन गर्ने ।
- औपचारिक कार्यक्रमहरूमा शिष्ट सम्बोधन गर्न लगाउने ।
- वाल क्लब,शुक्रबारीय कार्यक्रमहरू कक्षा गत कार्यक्रमहरूको आयोजना गरी उनीहरूलाई उदघोषणमा उत्प्रेरित गर्ने ।
- 
- जेष्ठ नागरिकप्रति सम्मान गर्ने बानीको विकास गर्न विभिन्न सेवामूलक कार्यहरूममा विद्यार्थीलाई सहभागी बनाउने ।

## (ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, इकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा

## (च) कार्यघण्टाः२०

## ६.(क)  थिमः व्यवहारिक लेखन

## (ख) सिकाइ उपलब्धि/विशिष्ट उद्देश्यः

१. शुभकामना पत्र,समवेदना ,सहानुभुति,पारिवारिक चिठीहरूको नमुना लेखन गर्न ।
२. सामुदायिक वन सरकारी कार्यालयमा आवश्यक पर्ने विभिन्न निवेदनको नमुना लेखन गर्न ।
३. दैनिक जीवनमा आवश्यक पर्ने भरपाई तमसुक मिलापत्र लगायतका कागजपत्रको नमुना लेखन गर्न।
४. कक्षागत वा विद्यालय स्तरीय कार्यक्रमको र बैठकको निर्णय लेखन गर्न।

## (ग) विषयवस्तुः

- निवेदन,भरपाई, तमसुक, निर्णय लेखन ,बैठक पुस्तिका लगायत अन्य व्यवहारिक लेखन।

- शुभकामना समवेदना र पारिवारिक चिठी
- कार्यालयका लागि निवेदन
- अन्य व्यवहारिक निवेदन

**(घ) शिक्षण सिकाइ क्रियाकलापः**

- विद्यालय,सामुदायिक वन,आमा समूह,वडा कार्यालय विभिन्न सरकारी कार्यालयहरूमा सेवा लिनको लागि निवेदन लेख्न उत्प्रेरित गर्ने।
- निवेदनका नमुना प्रदर्शन गर्ने ।
- शुभकामना ,सामान्य चिठी,निमन्त्रणा  भरपाई तमसुक ,समवेदनाका नमुना प्रर्दशन गर्दै लेख्नलाई उत्प्रेरित गर्ने ।
- चिठी ,निवेदन ,शुभकामना पत्र, समबेदना पत्र लगायतका सामग्रीको लेखनप्रतियोगिताको आयोजना गरी सहजीकरण गर्ने ।
- विभिन्न समूहका बैठकका निर्णयका नमुना प्रर्दशन गरी निर्णय लेखनमा सहजीकरण गर्ने ।

**(ङ) मूल्याङ्कनः प्रश्नोत्तर, अवलोकन, इकाइ परीक्षा र निरन्तर मूल्याङ्कन, परियोजना कार्य, प्रयोगात्मक परीक्षा र आवधिक परीक्षा**

**(च) कार्यघण्टाः२५**

## ७. **सिकाइ सहजीकरण प्रक्रियाः**

अपेक्षित सक्षमता र सिकाइ उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तु बीच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया सिकाइ सहजीकरण हो । यो एक प्रकारको शिक्षण कला हो । यसमा सिकाइ र बाल मनोविज्ञानका निश्चित विधि तथा प्रक्रिया र सिद्धान्त पनि अनुशरण गरिने भएकाले यो विज्ञान तथा कला दुवै हो । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ । सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रुचि जगाउने पनि हुनुपर्छ । यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकताअनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्न सक्ने अवसर हुनु पर्दछ । यो प्रक्रिया सिकारु र सिकाइका विविधतालाई सम्मान गर्ने र समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ ।

एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैँ र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधिहरू अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ । सिकाइ सहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरूको तह गत स्तर, विषयवस्तुको स्वरूप लगायत उपलब्ध हुन सक्ने स्रोत साधन, वातावरणीय अवस्था, शिक्षकको रुचि तथा तयारी इत्यादि लाई विचार गर्नु पर्दछ । आधारभूत शिक्षा अन्तर्गत कक्षा १–८ को यस स्थानीय पाठ्यक्रम समग्रमा स्थानीय विषय क्षेत्रमा आधारित एकीकृत स्वरूपको भएकाले यसको सिकाइ सहजीकरण प्रक्रिया परम्परागत पद्धतिभन्दा फरक हुनुपर्छ । यस स्थानीय पाठ्यक्रममा कपुरकोट गाउँपालिकाको स्थानीयतालाई समेट्दै विभिन्न ६ वटा थिमहरू एकीकृत गरिएको हुनाले पनि प्रचलित सिकाइ सहजीकरण विधि तथा प्रक्रियामा परिवर्तन आवश्यक छ । विभिन्न विषयगत थिमहरूको माध्यमबाट अपेक्षित सिकाइ उपलब्धि प्राप्तिका लागि फरक फरक थिमहरू बीचको अन्तरसम्बन्ध पहिचान गरी सिर्जनशीलता विकास गर्ने, सिकाइलाई व्यवहारमा प्रयोग गर्ने क्षमताको विकास गर्ने र आफ्ना सिकाइ अनुभवको उपयोग गरी संगठित ज्ञान हासिल गर्न सहयोग हुने खालका सिकाइ क्रियाकलापमा जोड दिनुपर्छ । यसमा लागि सञ्चालन गरिने सिकाइ सहजीकरण प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ कार्यमा सरिक हुने र वातावरणीय परिवेशसँग अन्तरक्रिया गरेर सिक्न प्रोत्साहन गर्ने क्रियाकलापलाई प्राथमिकता दिनु पर्दछ । विद्यार्थीहरूले कुनै सिकाइ क्रियाकलाप पूरा गरेपछि देखाउन वा अनुभव गर्न सकिने उपलब्धि प्राप्त हुने गरी सिकाइ प्रक्रिया तथा क्रियाकलापहरू सञ्चालन गर्नु पर्दछ ।

विषयवस्तुको प्रभावकारी सिकाइका लागि प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापको आवश्यकता पर्दछ । स्थानीय पाठ्यक्रमका विषयवस्तुको सिकाइका लागि निम्नानुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी विद्यार्थी सहजीकरण गर्न सकिन्छ।

छलफलः विभिन्न विषयमा छलफल गर्नका लागि के के बुँदामा छलफल गर्ने हो त्यसको पूर्व तयारी गरेर छलफल सञ्चालन गर्नुपर्छ। निरन्तर, सक्रिय र उच्च सहभागिताबाट नै छलफललाई प्रभावकारी बनाउन सकिन्छ । उदाहरणका लागि करेसाबारीमा उत्पादन गरिने तरकारीका बारेमा निम्नलिखित बुँदामा छलफल गर्न सकिन्छः

(क) तरकारीको रूप रङ

(ख) तरकारी फल्ने समय

(ग) खाइने भाग

(घ) खाने तरिका

(ङ) यसबाट हुने फाइदा

त्यस्तै कुनै धार्मिक स्थलको बारेमा छलफल गर्न देहाय बमोजिमका बुँदा उपयोगी हुन सक्छन्ः

(क) धार्मिक स्थलको नाम

(ख) स्थापना गर्ने व्यक्ति र समय

(ग) धार्मिक स्थलबारेको जनश्रुति

(घ) पूजा÷प्रार्थना विधि

(ङ) धार्मिक स्थलमा हुने क्रियाकलाप

(च) धार्मिक स्थलको विकास र संरक्षण

यसरी करेसाबारीका बारेमा छलफल गर्दा अनुभवी किसान तथा कृषि प्राविधिक, धार्मिक स्थलका बारेमा छलफल गर्दा पूजाआजा कार्य गर्ने व्यक्ति तथा स्थानीय ज्येष्ठ नागरिकलाई बोलाएर वा सम्बन्धित ठाउँमै भेटेर गर्नु राम्रो हुन्छ। सम्भव भएसम्म आवश्यक सामग्री वा वस्तुको प्रदर्शन गरी विद्यार्थीलाई आलोपालो बोल्न पनि लगाउनुपर्छ।

**प्रदर्शनः** शिक्षक, विद्यार्थी र सरोकारवाला बाट विभिन्न सामग्री सङ्कलन गरेर, विभिन्न कृषि मेला, उद्योग मेला, सांस्कृतिक पर्व आदिमा सहभागी भई गरिएको प्रदर्शन अवलोकन गर्ने, त्यस बारेमा छलफल गर्ने जस्ता क्रियाकलाप गर्न सकिन्छ । त्यसै गरी कक्षा कोठामा यस्ता सामग्री वा क्रियाकलापको प्रदर्शन गर्न सकिन्छ ।

**अवलोकन भ्रमण र अभ्यासः** विद्यार्थीलाई विभिन्न कुराको अवलोकन भ्रमण र अभ्यासमा सहभागी गराउनुपर्छ ।

**परियोजना कार्यः** अभ्यासकै महत्त्वपूर्ण अङ्गका रूपमा हिजोआज परियोजना कार्य गर्ने गराउने गरिन्छ । यस्तो कार्य एउटा निश्चित खाका तयार पारेर सम्पन्न गर्नु पर्दछ । त्यस्तो खाका बनाउँदा के गर्ने, किन गर्ने, कसरी गर्ने, कसले गर्ने, खर्च कति लाग्ने जस्ता कुरा पहिले नै सोच्नुपर्छ । गरेर सिक्ने कार्यलाई यो विधिले जोड दिएको हुन्छ । परियोजना कार्य गर्दा विद्यार्थीहरूले विद्यालय तथा घरमा बसेर गरेर सिक्ने अवसरको सिर्जना गर्नुपर्छ ।

सिकाइका क्रममा विद्यार्थीहरूको सिकाइ सक्रियतालाई विशेष ध्यान दिँदै सैद्धान्तिक ज्ञान तथा सीपलाई व्यावहारिक जीवनसँग आबद्ध गर्नुपर्छ । सिकाइलाई बृहत् विषयवस्तुमा केन्द्रित गराउने उद्देश्यले विभिन्न क्षेत्रका सिकाइ सक्षमतालाई सरलबाट जटिलतिरको क्रममा सिकारुले आफै सिक्न पाउने अवसर सिर्जना गरी सिकाइ व्यवस्थापन गर्नुपर्छ । विशिष्टीकृत विषय क्षेत्रहरूलाई पनि यथासम्भव अन्तरसम्बन्धित हुने गरी सिकारुको पूर्वज्ञान तथा अनुभवसँग समेत सहसम्बन्ध स्थापित गरी सिकाइ प्रक्रिया सञ्चालन गर्नुपर्छ ।

प्रारम्भिक कक्षाहरूमा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशिल बनाउन शिक्षकले सहज कर्ताको भूमिका निर्वाह गर्नुपर्छ । विद्यार्थी केन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई अन्तरसम्बन्धित गर्न सहज हुने, बालबालिकाहरूले व्यवहार कुशल तथा जीवनोपयोगी सीप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रस्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बाल मैत्री शिक्षण विधि अपनाउनुपर्ने छ ।

·	बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा सञ्चालन गर्नु पर्दछ । विविधतालाई ध्यानमा राखेर बालबालिकाको सिकाइलाई प्रोत्साहन गर्नु पर्नेछ । खेल, गीत, कविता, कथा कथन, प्रदर्शन, श्रव्य दृश्य सामग्रीको प्रदर्शनको माध्यमबाट सिकाइका क्रियाकलापहरू सञ्चालन गर्नु पर्दछ । यसका अतिरिक्त अवलोकन, समूह कार्य, परियोजना कार्य, छलफल जस्ता विधिहरूका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनु पर्दछ ।सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बाल मैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनु पर्दछ ।विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नु पर्दछ । विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोज मूलक अध्ययन, प्रवर्तन मुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नु पर्दछ ।

शिक्षकले सहज कर्ता, उत्प्रेरक, प्रवर्धक र खोज कर्ताका रूपमा भूमिका निर्वाह गर्नु पर्दछ ।पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्नु पर्दछ ।सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनु पर्दछ ।भाषिक कठिनाइका कारण सिकाइमा बाधा नहुने सुनिश्चित गर्न यथासम्भव बालबालिकाको मातृभाषा, घरमा बोल्ने भाषामा सञ्चार गरी सिकाइ क्रियाकलापमा सक्रिय सहभागी हुन सक्ने वातावरण तयार गर्नु पर्दछ ।·	सिकाइ क्रियाकलापमा शिक्षक र सिकारु तथा सिकारु र सिकारु बीचको अन्तरक्रिया, समूह सिकाइ, सिकाइका लागि मूल्याङ्कन, शिक्षक शिक्षक सहकार्य, शिक्षक–समुदाय सहकार्य जस्ता सहकार्यलाई बढावा दिनु पर्दछ। सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल, पूर्वअनुभवमा आधारित ज्ञान तथा सीप विकास र सिकाइ विचको सहसम्बन्ध हुने गरी जीवन्त अनुभवसँगको सन्तुलन कायम गर्नु पर्दछ ।बाल केन्द्रित, सिकाइ केन्द्रित, अनुभव केन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण विधिको प्रयोग(परियोजना कार्य, घटना अध्ययन, खोज अनुसन्धानमा आधारित शिक्षण, सहपाठी सिकाइ आदि) गरी सक्रिय सिकाइ सहजीकरण विधि प्रयोग गर्नु पर्दछ ।

·	सिकाइ सहजीकरण क्रियाकलापमा सिकारुको सिकाइ अनुगमन, विद्यालय तथा परिवारमा सहज सिकाइ वातावरण विकास, पूर्वज्ञानमा आधारित विषयवस्तुको छनोट, समुदाय परिचालन जस्ता कार्यबाट विद्यालय समुदाय सहसम्बन्ध जोड्नु पर्दछ ।·	सिकारुको रुचि र सिकाइ गति एवम् सिकारुको सक्रिय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वस्फुर्त सिकाइमा जोड दिनुपर्छ ।

·	शिक्षक, विद्यालय तथा विद्यार्थीलाई सिकाइ सहजीकरण क्रियाकलाप चयन, सञ्चालन र मूल्याङ्कनमा आवश्यक सहयोग, निरन्तर पेसागत छलफल, सहकार्य र अनुभव आदान प्रदान गर्दै शैक्षिक परिवर्तनका लागि सहयोगमा प्राथमिकता दिनु पर्दछ।·	सिकाइलाई दैनिक जीवन पद्धतिसँग आबद्ध गर्दै व्यवहार कुशल सीप हासिल गर्न सिकाइको खण्डीकरण हुन नदिई एक विषय क्षेत्रको सिकाइले अर्को विषय क्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी अन्तरसम्बन्धित गरी एकीकृत सिकाइमा जोड दिनु पर्दछ ।

शिक्षण सिकाइमा विभिन्न विधिहरूको प्रयोग अपेक्षित उपलब्धि प्राप्त गर्नका लागि गरिन्छ तर यस्ता विधिहरू विभिन्न पद्धति र प्रक्रियामा आधारित हुनुपर्छ र विभिन्न किसिमका अध्ययन, प्रयोग र अनुभवबाट सिद्ध भएका पनि हुनुपर्छ । यस प्रकार शिक्षण सिकाइ कुनै खास वैज्ञानिक, मनोवैज्ञानिक वा शैक्षणिक सिद्धान्तहरूमा आधारित भए पनि ती विधि तथा प्रक्रियालाई व्यावहारिक र सान्दर्भिक शैक्षणिक प्रक्रियामा ढाल्नुपर्छ ।

·पाठ्यक्रममा उल्लेखित लक्ष्य तथा उद्देश्यहरू अनुसारका सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोट गर्नुपर्छ ।विषयवस्तुको स्वरूपअनुसार शिक्षण सिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नु पर्दछ । सिकारुको इच्छा, रुचि, क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदिलाई ध्यान दिई शिक्षण विधि छनोट गर्नु पर्दछ । त्यस्ता विधिले विद्यार्थीलाई उत्प्रेरित गर्न सक्नुपर्छ ।शिक्षण विधि तथा रणनीति आर्थिक, मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुन सक्ने हुनुपर्छ ।शिक्षण विधि तथा रणनीति छनोट गर्दा विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिसँग मेल खाने हुनु पर्दछ । उपलब्ध समय र विद्यार्थी सङ्ख्याले पनि शिक्षण विधि तथा रणनीति छनोटमा प्रभाव पार्दछ । शिक्षकको आफ्नो योग्यता, क्षमता, पूर्वज्ञान, आत्मविश्वास, तालिम, शिक्षण प्रतिको लगाव जस्ता पक्षले पनि शिक्षण विधि तथा रणनीतिको छनोटमा प्रभाव पार्दछ ।यसरी कुनै पनि विषयको शिक्षण गर्दा विषयको गहनताका साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको पूर्वज्ञान, क्षमता, रुचि, स्वभाव,स्तर तथा उमेर एवम् उपलब्ध भौतिक सुविधा र शिक्षण सामग्रीका आधारमा शिक्षण विधिको छनोट गर्नु आवश्यक हुन्छ ।समग्रमा  यस स्थानीय विषयको शिक्षण सिकाइ गर्दा शिक्षकको भूमिका सर्वोपरी रहेको हुन्छ ।

प्राथमिक तहको शिक्षामा सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बाल मैत्री शिक्षण विधि अपनाई शिक्षणमा भन्दा निरन्तर सिकाइमा जोड दिनु पर्दछ । सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपागंता भएका, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी शिक्षण प्रक्रिया अपनाउनुपर्ने छ । कपुरकोट गाउँपालिकाको स्थानीय विषय भएकोले कतिपय सन्दर्भ सामग्रीहरू र स्रोतको  लागि स्थानीय  जनशक्ति प्रयोग गर्नु पर्ने भएकोले सैद्धान्तिक भन्दा व्यवहारिक तथा प्रयोगात्मक विधिमा वढि ध्यान दिन वाञ्छनीय देखिन्छ । मौलिक संस्कृतिहरू शिक्षाका पठन पाठनमा आवश्यकता अनुसार प्रविधिको पनि उपयोग गर्नु पर्दछ । यसका लागि शिक्षकले सहज कर्ता, उत्प्रेरक, प्रवर्धक र खोज कर्ताका रूपमा भूमिका निर्वाह गर्नु पर्दछ । पठनपाठनमा कम्प्युटर प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकता अनुसार उपयोग गर्नु पर्दछ । सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने सहभागिता मूलक क्रियाकलापमा आधारित हुनु पर्दछ ।

## ८. **विद्यार्थी मूल्याङ्कन प्रक्रियाः**

### कक्षा १–३ मा विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित रूपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ। यस  प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षा कोठाको शिक्षण सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरूलाई आवश्यकता अनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्र भ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत संलग्न गराइ सोही बमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको एकिन गर्नु पर्दछ र आवश्यकताअनुसार सहजीकरण गर्नु पर्दछ। यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनका रूपमा प्रयोग गरिनु पर्दछ ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नु पर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको

विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नु पर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वास्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइ स्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ ।

कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ । पहिलो चरण अन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने र दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाइ सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु साथै पटक पटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नु पर्दछ । कक्षा कोठा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नु पर्दछ । यसबाट विद्यार्थीहरूको कक्षा दोहराउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुने छ ।

## मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १–३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा  कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ । कक्षा कोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नु पर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले के कति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नु पर्दछ ।

कक्षा १–३ का प्रत्येक विद्यार्थीको कार्य सञ्चयीका  व्यवस्थित गरी राखिनुपर्छ । कार्य सञ्चयीका फायललाई विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात्, विषय क्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्य सञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नु पर्दछ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षा कार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषय क्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्यको सही तरिकाले मूल्याङ्कन गर्ने साधन समावेश गर्नु उपयुक्त हुन्छ ।

## मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त

सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनु पर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नु पर्दछ । यसका लागि विभिन्न प्रकारका रुजू सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गर्नु पर्दछ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्य सञ्चयीका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमी कमजोरी रहेका छन् र ती कमी कमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन,सहपाठी तथा स्व मूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिकाहरू अवलम्बन गर्न सकिन्छ । यसको लागि अवलोकन फाराम, रुजू सूची, श्रेणी मापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधनहरू प्रयोग गर्न सकिन्छ ।

**विद्यार्थीको सिकाइ उपलब्धि स्तर र त्यसको सामान्य व्याख्या**

| उपलब्धि स्तर | मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|
| अपर्याप्त (Insuffcent) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबै जसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य(Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो(Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च(Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नु पर्दछ । मुल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लेखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइ स्तर अभिलेखीकरण गर्नु पर्दछ । यसरी अभिलेखित सिकाइ स्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धि स्तर ४ पुऱ्याउने प्रयास गर्नु पर्दछ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धि स्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनु पर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनु पर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धि स्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइ क्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षण पश्चात् सो सिकाइ क्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषय क्षेत्रको सिकाइ पश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तरसहित विषय क्षेत्र गत औसत सिकाइ उपलब्धि निकाल्न

सकिन्छ । त्यसै गरी मुख्य व्यवहार कुशल सीपमा विद्यार्थीको उपलब्धि स्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइ स्तरको सुनिश्चितता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ ।

विभिन्न किसिमका अपाङगता भएका विद्यार्थीका लागि उल्लेखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्छन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षा कोठामा भएका विद्यार्थीको अपाङगता किसिम तथा स्वरूप अनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नु पर्दछ ।

## उपलब्धि प्रतिशत निकाल्ने विधि तथा प्रक्रिया

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्व प्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नु पर्दछ भने प्रत्येक विषय क्षेत्र वा थिमको सिकाइ पश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धि सहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावी सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटो छोटो समयको अन्तरालमा अभिभावकसँग छलफल सबैका लगि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीन महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजासहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ । नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थी सबल पक्ष, रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

## विद्यार्थी को अभिलेख तथा कार्य सञ्चयीका व्यवस्थापन

विषय क्षेत्र गत रूपमा प्रत्येक विद्यार्थीको कार्य सञ्चयीका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छ ।

प्रत्येक थिम वा विषय क्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्य सञ्चयीका फाइलमा सिलसिला बद्ध गरी राख्नुपर्छ ।

कार्य सञ्चयीका फायलमा विद्यार्थीको व्यक्तिगत, पारिवारिक तथा स्वास्थ्य सम्बन्धी विवरण, कक्षा कार्य, परियोजना कार्य, उपलब्धि प्रतिशतका अभिलेख, हाजिरी विवरण, विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समय बद्ध रूपमा सिलसिला मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धि स्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ । यसमा यति नै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषय क्षेत्र गत रूपमा गरिने पाँच ओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।

कार्य सञ्चयीका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समय बद्ध सूची भित्री कभर पृष्ठमा राखिनुपर्छ ।

प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्य सञ्चयीका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

विद्यार्थीको कार्य सञ्चयीकालाई निम्नअनुसार प्रयोग सकिन्छः

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन ।
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन ।
- अभिभावकले विद्यार्थीले कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न
- विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधाार गर्न

**विषय क्षेत्र गत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेखीकरण फाराम**

- मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ ।
- हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गइनुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नु पर्दछ ।
- सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नु पर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनु पर्दछ । यसका लागि सुधारात्मक सिकाइ पश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेख भए अनुसार अभिलेखित गर्नु पर्दछ ।
- सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइ स्तर न्यूनतम ४ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु पर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइ स्तर १, २ वा ३ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटक पटकको सुधारात्मक सिकाइबाट पनि सिकाइ स्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धिस्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनु पर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।
- विषय क्षेत्र तथा थिम अन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषय क्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ ।

**क्षेत्रगत वा थिमगत उपलब्धिप्रतिशतः** $\frac{\text{उपलब्धि स्तरकोअंककोजोड}}{\text{४}x\text{मूल्याङ्कनगरिएकासिकाईउपलब्धिहरूकोसंख्या}} x\text{१००}$

उपलब्धिप्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नु पर्दछ

| उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|
| ३५ भन्दा कम | **NG** | |
| ३५ देखि ४० भन्दा कम | **D** | |
| ४० देखि ५० भन्दा कम | **C** | |
| ५० देखि ६० भन्दा कम | **C+** | |
| ६० देखि ७० भन्दा कम | **B** | |
| ७० देखि ८० भन्दा कम | **B+** | |
| ८० देखि ९० भन्दा कम | **A** | |
| ९० देखि माथि | **A+** | |

कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धि स्तरको अङ्कका आधारमा विद्यार्थीको विषय क्षेत्र गत समग्र उपलब्धि स्तर निर्धारण गर्न सकिन्छ । विषय क्षेत्र गत समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ

**मूल्याङ्कन अभिलेखीकरण फारम**

वर्तमान पाठ्यक्रमले सिकाइ उपलब्धि हासिल भए नभएको आधारमा विद्यार्थीले गरेका कार्यहरूको लेखाजोखा गरी प्राप्त उपलब्धिको अङ्कन गर्ने र यसको आधारमा उपलब्धि प्रतिशत पत्ता लगाउने कार्यलाई जोड दिएको छ । प्रत्येक सिकाइ उपलब्धिको अधिकतम स्तरमा ४ अङ्क प्रदान गर्ने प्रावधान रहेको छ । यसको लागि विद्यार्थीको सिकाइ स्तरको मापन १, २, ३ वा ४ गरी विषय क्षेत्र अर्थात् थिममा उल्लेखित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मापन गरी आएको उपलब्धिस्तरको अङ्क चढाउनुपर्छ । सिकाइ उपलब्धि मापन गर्दा प्रत्येक सिकाइ उपलब्धिमा हासिल गरेको स्तर यकिन गरी १, २, ३ वा ४ मध्ये कुन स्तर छ त्यसलाई अङ्कन महलमा चढाउनुपर्छ । अभिलेख फाराममा मूल्याङ्कन नतिजाका आधारमा प्रत्येक विद्यार्थीको अलग अलग भरी विद्यार्थीको कार्य सञ्चयिकामा व्यवस्थित गरेर राखी आवश्यकतानुसार विद्यार्थीको सिकाइ सुधार गर्ने कार्यमा प्रयोग गर्नुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा चारवटा सूचक निर्धारण गरिएको हुनाले पूरा गरेको सूचकअनुसारको अङ्क प्रदान गर्नुपर्छ । थिम गत रूपमा दिइएका प्रत्येक सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्नका लागि अवलोकन, मौखिक प्रश्नोत्तर, लिखित कार्य, कक्षा कार्य, गृहकार्य, छोटा कक्षा परीक्षा, परियोजना कार्यमध्ये कुनै वा अन्य कुनै उपयुक्त साधन प्रयोग गर्न सकिन्छ । तपसिलका फाराममा केही सम्भाव्य साधनमात्र उल्लेख गरिएका छन् । यी बाहेक कुन साधनद्वारा मूल्याङ्कन गरिएको हो ती साधनलाई फाराममा उल्लेख गर्नुपर्छ । विद्यार्थीको मूल्याङ्कन दुई चरणमा गर्नुपर्छ । नियमित सिकाइ पश्चात् र थप सहायता पश्चात् । थिम अन्तर्गत रहेको प्रत्येक सिकाइ उपलब्धिसँग सम्बन्धित पाठ वा क्रियाकलाप सञ्चालन पश्चात् मूल्याङ्कन गरी मूल्याङ्कन गरिएको मिति र अङ्क चढाउनुपर्छ । नियमित सिकाइ पश्चात् कुनै विद्यार्थीको कुनै सिकाइ उपलब्धिमा १, २ वा ३ आएमा थप सहयोग गर्नुपर्छ र थप सहायता पश्चात् पुनः मूल्याङ्कन गरी प्राप्त उपलब्धिको अभिलेखित गर्नुपर्छ । थप सहायता गर्दा जुन विद्यार्थीको उपलब्धि स्तर १, २ वा ३ अङ्क प्राप्त गरे ती विद्यार्थीलाई बढी सहयोग गर्ने, अभिभावकलाई जानकारी दिई सहयोग गर्न लगाउने, कक्षाका ४ अङ्क प्राप्त गरेका विद्यार्थीलाई सहयोग गर्न लगाउने जस्ता क्रियाकलापहरू गर्न सकिन्छ ।

**कक्षा १ को मूल्याङ्कन अभिलेखीकरण फाराम**

कक्षा १ विषयः **हाम्रो कपुरकोट**

विद्यार्थीको नामः रोलनम्बरः

**१स्थानीय संस्कृति**

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित सिकाई पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १आफ्नो गाउँ टोलमा लाग्ने मेलाहरूको नाम भन्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. आफ्नो गाउँ टोलमा गाइने गीतहरू प्रति रुचि देखाउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. आफ्नो गाउँ टोलमा लगाइने परम्परागत पोसाकहरू को नाममा रुचि देखाउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. आफ्नो गाउँ टोलमा नाचिने नाचहरू प्रति रुचि देखाउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मितिः | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

२. क) थिमः **स्थानीय व्यवसाय**

<table>
<tr><th rowspan="2">सिकाई उपलब्धि</th><th rowspan="2">मूल्याङ्कनको साधन</th><th colspan="2">नियमित सिकाई पछिको मूल्याङ्कन</th><th colspan="2">थप सहायता पछिको मूल्याङ्कन</th></tr>
<tr><th>मिति</th><th>अङ्कन</th><th></th><th></th></tr>
<tr><td>१. आफ्ना अभिभावकले गर्ने व्यवसाय र पेसाप्रति रुचि देखाउन ।</td><td>प्रश्नोत्तर र अवलोकन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२. आफ्नो गाउँटोलमा लगाइने कम्तिमा ५ वटा तरकारीको नाम भन्न ।</td><td>प्रश्नोत्तर र अवलोकन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३. आफ्नो गाउँटोलमा उत्पादन गरिने कम्तिमा ५ वटा अन्नबाली नाम भन्न ।</td><td>प्रश्नोत्तर र अवलोकन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४. आफ्नो गाउँ टोलमा  पालिने पशुपक्षीको नाम भन्न ।</td><td>प्रश्नोत्तर र अवलोकन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५. आफू र आफ्नो परिवार प्रति तथा पेसाप्रति सम्मान देखाउन</td><td>प्रश्नोत्तर र अवलोकन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः</td><td colspan="2">विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">उपलब्धि प्रतिशत</td><td></td><td></td><td></td></tr>
</table>

३. क) थिम **हाम्रो भूगोल**

<table>
<tr><th rowspan="2">सिकाई उपलब्धि</th><th rowspan="2">मूल्याङ्कनको साधन</th><th colspan="2">नियमित सिकाई पछिको मूल्याङ्कन</th><th colspan="2">थप सहायता पछिको मूल्याङ्कन</th></tr>
<tr><th>मिति</th><th>अङ्कन</th><th></th><th></th></tr>
<tr><td>१. आफ्नो गाउँ टोलका खोला खोल्साहरूको नाम भन्न ।</td><td>प्रश्नोत्तर र अवलोकन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२. आफ्नो गाउँ टोलका पर्यटकीय,धार्मिक तथा ऐतिहासिक स्थलहरू नाम भन्न ।</td><td>प्रश्नोत्तर र अवलोकन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३. कपुरकोट गाउँपालिकाको नक्सामा आफ्नो वडा चिन्न ।</td><td>प्रश्नोत्तर र अवलोकन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः</td><td colspan="2">विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">उपलब्धि प्रतिशत</td><td></td><td></td><td></td></tr>
</table>

४. क) थिम **हाम्रो पालिका**

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित सिकाई पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | | |
| १. आफू बस्ने टोलको नाम,गाउँको नाम र वडा नं भन्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. आफ्नो टोलमा रहेको सेवा प्रदायक संस्थाको नाम बताउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. आफ्नो पालिकाको सामान्य परिचय प्रति रुचि देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. विशिष्टता प्रति उत्सुकता देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

५. क) थिम **हाम्रो संस्कार**

<table>
<tr><th rowspan="2">सिकाई उपलब्धि</th><th rowspan="2">मूल्याङ्कनको साधन</th><th colspan="2">नियमित सिकाई पछिको मूल्याङ्कन</th><th colspan="2">थप सहायता पछिको मूल्याङ्कन</th></tr>
<tr><th>मिति</th><th>अङ्कन</th><th></th><th></th></tr>
<tr><td>१. आफ्नो परिवारको संस्कार अनुसार परिवारको सदस्य र अपरिचितलाई अभिवादन गर्न ।</td><td>प्रश्नोत्तर र अवलोकन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२. पारिवारिक परम्परा प्रति रुचि देखाउन ।</td><td>प्रश्नोत्तर र अवलोकन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३. उपयुक्त व्यवहारिक संस्कार प्रति उत्सुकता देखाउन ।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४. शिष्ट आचरण प्रति उत्सुकता देखाउन ।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५. आफ्ना सामान्य दैनिक कार्यहरू गर्न ।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>६. आत्मालोचनाका सामान्य अभ्यासहरू गर्न।</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td rowspan="2">अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः</td><td colspan="2">विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">उपलब्धि प्रतिशत</td><td></td><td></td><td></td></tr>
</table>

६. क) थिम **व्यवहारिक लेखन**

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित सिकाई पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | | |
| . १. निवेदनप्रति उत्सुकता देखाउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २ सामान्य शुभकामना प्रकट गर्न (जन्म दिनको चाडपर्वको) | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

कक्षाः २ विषयः **हाम्रो कपुरकोट**

विद्यार्थीको नामः रोलनम्बरः

**१ स्थानीय संस्कृति**

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित सिकाई पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो गाउँ टोलमा लाग्ने मेलाहरूको नाम भन्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. आफ्नो गाउँ टोलमा गाइने गीतहरू प्रति रुचि देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. आफ्नो गाउँ टोलमा लगाइने परम्परागत पोसाकहरू र गरगहनाको नाम भन्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. आफ्नो गाउँ टोलमा नाचिने नाचहरू प्रति रुचि देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मितिः | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

२. क) थिमः**स्थानीय व्यवसाय**

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित सिकाई पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | | |
| १. आफ्ना अभिभावकले गर्ने व्यवसाय प्रति रुचि देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. आफ्नो गाउँ टोलमा लगाइने तरकारीको नाम भन्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. आफ्नो गाउँ टोलमा उत्पादन गरिने अन्न बाली र नगदे बालीको नाम भन्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. आफ्नो गाउँ टोलमा पालिने पशुपक्षीको नाम भन्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. आफू र आफ्नो परिवार प्रति तथा पेसा प्रति सम्मान देखाउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

३. क) थिम **हाम्रो भूगोल**

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित सिकाई पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | | |
| १. आफ्नो गाउँ टोलका खोला खोल्साहरूको नाम भन्न र लेख्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. आफ्नो गाउँ टोलका पर्यटकीय,धार्मिक तथा ऐतिहासिक स्थलहरूको नाम भन्न र लेख्न। | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. कपुरकोट गाउँपालिकाको नक्सामा आफ्नो वडा चिन्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

४. क) थिम **हाम्रो पालिका**

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित सिकाई पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | | |
| १. आफू बस्ने टोलको नाम गाउँको नाम र वडा नं भन्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. आफ्नो टोलमा रहेको सेवा प्रदायक संस्थाको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. आफ्नो वडाको परिचय प्रति उत्सुकता देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. आफ्नो पालिकाको सामान्य परिचय प्रति रुचि देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. विशिष्टता प्रति उत्सुकता देखाउन । | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

५. क) थिम **हाम्रो संस्कार**

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित सिकाई पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | | |
| १. पारिवारिक संस्कार बमोजिम परिवारका सदस्य र अपरिचितलाई अभिवादन गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. पारिवारिक परम्पराप्रति उत्सुकता देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. पारिवारिक संस्कारहरू प्रति रुचि देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. उपयुक्त संस्कार प्रति उत्सुकता देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. आफ्नो परिवारका सदस्य र अपरिचितलाई शिष्ट व्यवहार गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. सामान्य आत्मालोचना गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ७. उद्घोषण गर्न रुचि देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मितिः | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

६. क) थिम **व्यवहारिक लेखन**

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित सिकाई पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | | |
| १. निवेदनप्रति उत्सुकता देखाउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २  सामान्य शुभकामना प्रकट गर्न (जन्म दिनको ,चाडपर्वको) सहानुभुति व्यक्त गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

कक्षा ३ विषयः **हाम्रो कपुरकोट**

विद्यार्थीको नामः रोल नम्बरः

१**स्थानीय संस्कृति**

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित सिकाई पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो वडामा लाग्ने मेलाहरूको नाम भन्न। | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. आफ्नो परिवार तथा वडामा गाइने गीतहरू प्रति रुचि देखाउन। | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. आफ्नो परिवार तथा वडाभित्र लगाइने परम्परागत पोसाकहरू र गरगहनाका नाम भन्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. आफ्नो वडामा नाचिने नाचहरू प्रति रुचि देखाउन। | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मितिः | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

२. क) थिमः**स्थानीय व्यवसाय**

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित सिकाई पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | | |
| १. आफ्ना अभिभावकले गर्ने व्यवसाय प्रति उत्सुकता देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. आफ्नो गाउँ टोलमा लगाइने तरकारीको नाम भन्न र तरकारी खेति प्रति रुचि देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. आफ्नो गाउँ टोलमा उत्पादन गरिने अन्न बाली नाम भन्न तथा सो कार्य प्रति सामान्य रुचि प्रदर्शन गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. आफ्नो गाउँ टोलमा पालिने पशुपक्षीको नाम भन्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. आफू र आफ्नो परिवार प्रति तथा पेसा प्रति सम्मान देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

३. क) थिम **हाम्रो भूगोल**

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित सिकाई पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | | |
| १. आफ्नो गाउँ टोलका खोला खोल्साहरूको सूचि बनाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. आफ्नो गाउँ टोलका पर्यटकीय,धार्मिक तथा ऐतिहासिक स्थलहरूको नाम भन्न तथा लेख्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. सल्यान जिल्लाको नक्सामा कपुरकोट गाउँपालिका चिन्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. आफ्नो गाउँ टोलका धार्मिक स्थलहरू नामको सूचि बनाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत<br>शिक्षकको दस्तखत<br>मितिः | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

४. क) थिम **हाम्रो पालिका**

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित सिकाई पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | | |
| १. आफू बस्ने टोलको नाम गाउँको नाम र वडा नं भन्न र लेख्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. आफ्नो टोलमा रहेको सेवा प्रदायक संस्थाको नाम बताउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. आफ्नो पालिकाको सामान्य परिचय प्रति उत्सुकता देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. वडा र पालिकाले गर्ने कार्यहरू प्रति सामान्य रुचि देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. विशिष्टता प्रति उत्सुकता देखाउन तथा आकर्षित हुन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

५. क) थिम **हाम्रो संस्कार**

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित सिकाई पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | | |
| १. आफ्नो परिवारका सदस्य र अपरिचितसँग शिष्ट व्यवहार गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. शिष्ट आचरण तथा व्यवहार प्रति उत्सुकता देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. आफ्नो गल्तीमा क्षमा माग्न र क्षमा दिन रुचि देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. सामान्य उद्घोषण गर्न र सो प्रति उत्सुकता देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. परिवारका सदस्य र अपरिचितलाई आफ्नो संस्कार अनुसार व्यवहार गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| ६. पारिवारिक परम्परा प्रति (नामाकरण र विवाह कुल पूजा वा पारिवारिक अन्य पूजा) रुचि देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

६. क) थिम **व्यवहारिक लेखन**

| सिकाई उपलब्धि | मूल्याङ्कनको साधन | नियमित सिकाई पछिको मूल्याङ्कन | | थप सहायता पछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | | |
| १. निवेदन भरपाई तथा तमसुकको व्यहोरा लेखन प्रति उत्सुकता देखाउन । | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. सामान्य शुभकामना (जन्म दिनको, चाडपर्वको) समवेदना, सहानुभूति प्रकट गर्न तथा लेखनमा उत्सुकता प्रदर्शन गर्न । | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मितिः | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अङ्कको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

# कक्षा ४ – ८ मा विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न मुख्य पाठ्यक्रम जस्तै दुवै किसिमका मूल्याङ्कन गरिनेछ । निर्माणात्मक मूल्याङ्कनले निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकन लगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजू सूची, श्रेणी मापन लगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यवहारिक समस्या लगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुन सक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइ पश्चात् गरी सो क्षेत्र वा एकाइ अन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइ स्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नु पर्दछ । पटक पटकको सुधारात्मक सिकाइ पश्चात् पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ ।

### आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्य सञ्चयीका व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिए अनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ

| सि.नं. | मूल्याङ्कनका पक्ष | अङ्क भार |
|---|---|---|
| १ | सहभागिता | ४ |
| २ | प्रयोगात्मक/परियोजना | |
| | क) व्यवहारिक लेखन क्षेत्रका सीपको प्रस्तुति | ४ |
| | ख) करेसाबारी निर्माण तथा उत्पादन तथा बजारीकरण | १० |
| | ग) स्थानीय लोक संस्कृति मौलिक र परम्परागत नाच प्रस्तुतीकरण | ६ |
| | घ) लोक गीत परम्परा भेष भूषा प्रस्तुतीकरण | ४ |
| | ङ) सामाजिक सेवा र जेष्ठ नागरिक प्रति जिम्मेवारी प्रदर्शन | ४ |
| | च) सामाजिक कार्यमा सहभागिता | ४ |
| | छ)परियोजना कार्य तथा प्रयोगात्मक कार्यको प्रतिवेदन प्रस्तुतीकरण | २ |
| | ज)अन्तर्वार्ता | २ |
| ३ | त्रैमासिक परीक्षा २ वटा | १० |
| | जम्मा | ५० |

निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५०प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिनेछ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिनेछ ।

- सहभागिता अन्तर्गत उपस्थिति तथा सिकाइमा सहभागिता र सक्रियता पर्दछन् ।
- आन्तरिक मूल्याङ्कन तोकिएको भारमा नै गर्नु पर्दछ । उक्त भारअनुसार नै अक्षराङ्कन पद्धतिअनुसार विद्यार्थीलाई नतिजाको ग्रेड सिट दिइनेछ ।
- त्रैमासिक परीक्षालाई ५०प्रतिशत अङ्क भारमा सञ्चालन गरी तोकिएको ५प्रतिशत अङकभारमा रूपान्तरण गर्नु पर्दछ । पहिलोबाट ५ र दोस्रोबाट ५ गरी जम्मा १० अंकको भार राख्नुपर्दछ ।
- त्रैमासिक परीक्षामा सुरु देखि पठनपाठन भएका सबै पाठ तथा एकाइबाट बाह्य परीक्षाको विशिष्टीकरण तालिकालाई आधार मानेर प्रश्न निर्माण गरी परीक्षा सञ्चालन गर्नु पर्दछ ।
- एक शैक्षिक सत्रमा दुई ओटा त्रैमासिक परीक्षा विशिष्टीकरण तालिकाको आधारमा सञ्चालन गर्नुपर्ने छ । उक्त परीक्षाको नतिजालाई निर्णयात्मक मूल्याङ्कनमा समावेश गर्नु पर्दछ ।
- वार्षिक रूपमा विद्यार्थीलाई ग्रेड सिट प्रदान गर्दा आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत अङकभार (सहभागिता ४, परियोजना कार्य, प्रयोगात्मक कार्य ३६, त्रैमासिक परीक्षा १०) को छुटटै ग्रेड तथा बाह्य परीक्षाको ५० अङ्क भारको छुट्टै ग्रेड कायम गरी आन्तरिक र बाह्य मूल्याङ्कन दुवैको औसत ग्रेड कायम हुने गरी अक्षराङ्कन पद्धति २०७८ बमोजिम ग्रेड सिट तयार गर्नु पर्दछ ।
- विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीको मूल्याङ्कन गर्दा आवश्यकताअनुसार दृश्य तथा ठूला मुद्रित सामग्री, स्पर्शात्मक सामग्री लगायतको उपयोग गर्नु पर्नेछ । प्रतिक्रियामा आधारित मूल्याङ्कनका लागि उपकरण, टङ्कण, साङ्केतिक भाषा वा सङ्केत प्रयोग गर्न उत्प्रेरित गर्नुपर्ने छ । कठिन तहको अपाङगता भएका विद्यार्थीलाई उनीहरूको स्तर, रुचि र आवश्यकताका आधारमा समय तालिका बनाई सो अनुसार मूल्याङ्कन गर्नु पर्दछ ।

**वाह्य मूल्याङ्कन**

निर्णयात्मक मूल्याङ्कन अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनु पर्नेछ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य

अनुरूप विद्यार्थीहरूले ज्ञान, सीप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिनेछ । अन्तिम परीक्षाको प्रश्नपत्र निर्माण गर्दा अनुसूचीमा उल्लेखित विशिष्टीकरण तालिकाको आधारमा गरिनेछ । यस पाठ्यक्रममा कक्षा ५ र कक्षा ८ को विशिष्टीकरण तालिका विकास गरिएको छ । यसलाई आधार मानेर विद्यालयले कक्षा ४ कक्षा ६ र ७ को विशिष्टीकरण तालिका निर्माण गरी अन्तिम परीक्षा (५० पूर्णाङ्कको परीक्षा) को प्रश्नपत्र बनाइ मूल्याङ्कन गर्नु पर्दछ ।

## ९.**पाठ्यक्रम मूल्याङ्कन**

पाठ्यक्रमको समग्र मूल्याङ्कन भने संयन्त्र निर्माण गरी (पाठ्यक्रम निर्माण समूह, सल्लाहकार समिति, पाठ्यक्रम विकास तथा मूल्याङ्कन समिति, विज्ञ, शिक्षक, विद्यार्थी, अभिभावक र अन्य सरोकारवालासमेत) तिनको संयुक्त प्रयासमा अवलोकन, अन्तरक्रिया र छलफलबाट गर्न सकिन्छ । यो पाठ्यक्रम स्थानीय तहमै कार्यान्वयन गरिने भएकाले मूल्याङ्कन नतिजाका आधारमा यसलाई निरन्तर अद्यावधिक गर्दै लैजान आवश्यक हुन्छ ।

क) पाठ्यक्रमको मूल्याङ्कनका आधार निम्नानुसार हुनेछन्

(अ) विद्यार्थीको उपलब्धि स्तर

(आ) शिक्षकको कार्य सम्पादन स्तर

(इ) पठन पाठनमा उपयोग गरिएको समय

(ई) विद्यार्थीको वैयक्तिक तथा सामाजिक व्यवहार र प्रभाव

(उ) अभिभावक तथा समाजको सिकाइ प्रतिको अपेक्षा र प्रतिक्रिया

(ऊ) सरोकारवालाको विद्यालय प्रतिको धारणा

उपर्युक्त पक्षमा समेतका आधारमा प्रत्येक वर्ष पाठ्यक्रमको मूल्याङ्कन गरिनेछ ।

ख) यस पाठ्यक्रमलाई समसामयिक, स्तरीय, गुणात्मक, बाल केन्द्रित, जीवनोपयोगी र समावेशी बनाउन विभिन्न गोष्ठी, सेमिनार, अन्तरक्रिया, समीक्षा आदि विविध माध्यमबाट सम्बद्ध विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षाविद्, राजनीतिज्ञ, व्यापारी, विशेषज्ञ, नीति निर्माता, उद्योगी एवम् व्यवसायी लगायत सबै सरोकारवालाहरूको सुझाव सङ्कलन गरी पाठ्यक्रम विकास कार्य गरिनेछ ।

ग) पाठ्यक्रम तथा पाठ्यपुस्तक परीक्षण र कार्यान्वयन योजना परीक्षण योजना वर्ष

| | |
|---|---|
| पाठ्यक्रम परीक्षण | २०८० |
| पाठ्यक्रम कार्यान्वयन तथा पाठ्यपुस्तक परीक्षण | २०८१ |
| पाठ्यपुस्तक कार्यान्वयन | २०८२ |

अनुसूचि १

# कक्षा ५ को विशिष्टिकरण तालिकाको नमुना

| क्र.सं. | क्षेत्र /थीम | कार्य घण्टा | पुर्णाङ्क | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्च दक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अङ्कभार | | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | VS | S | L | VS | S | L | VS | S | L | VS | S | L | VS | S | L | VS | S | L | |
| १ | स्थानीय संस्कृति | 23 | १० | 1 | | १ | 1 | १ | | 1 | | | 1 | | | 4 | 1 | 1 | 4 | 2 | 4 | 10 |
| २ | स्थानीय व्यवसाय | 25 | १० | 1 | १ | | १ | १ | | | १ | | | १ | | 2 | 4 | 0 | 2 | 8 | 0 | 10 |
| ३ | हाम्रो भूगोल | 15 | ६ | 1 | १ | | | १ | | १ | | | | | | 2 | 2 | 0 | 2 | 4 | 0 | 6 |
| ४ | हाम्रो गाउँपालिका | 20 | ८ | २ | | | | | १ | 1 | | | 1 | | | 4 | 0 | 1 | 4 | 0 | 4 | 8 |
| ५ | हाम्रो संस्कार | 25 | ८ | 1 | १ | | 1 | | | 1 | 1 | | 1 | | | 4 | 2 | 0 | 4 | 4 | 0 | 8 |
| ६ | व्यवहारिक लेखन | 20 | ८ | १ | 1 | | १ | | | 1 | 1 | | १ | | | 4 | 2 | 0 | 4 | 4 | 0 | 8 |
| | जम्मा | 128 | 50 | 7 | 4 | 1 | 4 | 3 | 1 | 5 | 3 | 0 | 4 | 1 | 0 | 20 | 11 | 2 | 20 | 22 | 8 | 50 |

अनुसूचि २

## कक्षा ८ को विशिष्टीकरण तालिकाको नमुना

| क्र.सं. | क्षेत्र /थीम | कार्यघण्टा | पुर्णाङ्क | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्च दक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अङ्कभार | | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | VS | S | L | VS | S | L | VS | S | L | VS | S | L | VS | S | L | VS | S | L | |
| १ | स्थानीय संस्कृति | 20 | 4 | 1 | | | 1 | | | 1 | | | 1 | | | 4 | 0 | 0 | 4 | 0 | 0 | 4 |
| २ | स्थानीय व्यवसाय | 23 | 6 | 1 | १ | | १ | | | | १ | | | | | 2 | 2 | 0 | 2 | 4 | 0 | 6 |
| ३ | हाम्रो भूगोल | 20 | १० | 1 | | | | १ | १ | १ | | | | 1 | | 2 | 2 | 1 | 2 | 4 | 4 | 10 |
| ४ | हाम्रो गाउँपालिका | 20 | १० | २ | १ | | | | १ | 1 | | | 1 | | | 4 | 1 | 1 | 4 | 2 | 4 | 10 |
| ५ | हाम्रो संस्कार | 20 | ८ | 1 | १ | | 1 | | | 1 | 1 | | 1 | | | 4 | 2 | 0 | 4 | 4 | 0 | 8 |
| ६ | व्यवहारिक लेखन | 25 | १२ | १ | 1 | | १ | १ | | 1 | 1 | | १ | 1 | | 4 | 4 | 0 | 4 | 8 | 0 | 12 |
| | जम्मा | 128 | 50 | 7 | 4 | 0 | 4 | 2 | 2 | 5 | 3 | 0 | 4 | 2 | 0 | 20 | 11 | 2 | 20 | 22 | 8 | 50 |

## विशेष धन्यवाद

श्री बालाराम खड्का
श्री इश्वर बुढा
श्री प्रदिप खड्का
श्री मित्रलाल कठायत
श्री होम बहादुर खड्का
श्री श्यामकृष्ण बोहोरा
श्री तिला बुढा
श्री बामदेव अधिकारी
श्री मधुसुदन गिरि
श्री रुपलाल यरी
श्री चुडामणी के.सी.
श्री डिल बहादुर नेपाली
श्री दल बहादुर खड्का
श्री दोर्णा कुमारी चन्द
श्री गोवर्धन शर्मा
श्री फौज बहादुर महतारा
श्री कर्णबिर खत्री
श्री गणेशकुमार शर्मा
श्री पदम बहादुर खड्का
श्री हस्त बहादुर बुढा
श्री चतुर्मान तामाङ्ग
श्री शिवराम बस्नेत
श्री उत्तर कुमार डाँगी
श्री दलजित बुढा

श्री अम्म बहादुर वि.क.
श्री नर बहादुर घर्ती
श्री कृष्ण बहादुर राना
श्री गोविन्द प्रसाद आचार्य
श्री तिर्थराज बुढाथोकी
श्री डिल बहादुर थापा
श्री जगत बहादुर बुढाथोकी
श्री नोखा कुमारी वली

गाउँ शिक्षा समिति कपुरकोट गाउँपालिका सल्यान

| | | |
|---|---|---|
| श्री दुर्गा बहादुर पुन | (गाउँपालिका अध्यक्ष) | शिक्षा समिति अध्यक्ष |
| श्री बालाराम खड्का | गाउँपालिका सदस्य | शिक्षा समिति सदस्य |

| | | |
|---|---|---|
| श्री तिला बुढाथोकी रोका | गाउँपालिका सदस्य | शिक्षा समिति सदस्य |
| श्री तिला बुढामगर | शिक्षाप्रेमी महिला | शिक्षा समिति सदस्य |
| श्री ठगबिर वि.क. | समाजसेवी दलित | शिक्षा समिति सदस्य |
| श्री दोर्णा कुमारी चन्द | प्र.अ.महिला (सा.वि.) | शिक्षा समिति सदस्य |
| श्री प्रेम भण्डारी | प्र.अ. पुरुष (सं.वि.) | शिक्षा समिति सदस्य |
| श्री सरस्वती भण्डारी | शिक्षा अधिकृत | सदस्य-सचिव शिक्षा समिति |